जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३१६ • २०८१ साल बैशाख २ गते आइतबार (14 April, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

फुलेन हारमको रुखमा 'सुनाखरी'

राज महिसोथाको फूलवारीमा फूल नफुल्दा दर्शनार्थीहरु निराश

टुडे समाचारदाता

लहान। सिरहा जिल्लाको महिसोथा राजा सलहेसको फूलवारीमा हरेक वर्ष वैशाख १ गते फुल्ने सुनाखरी फूल यस वर्ष नफूल्दा दर्शनार्थीहरु निराश भएका छन्।

लहान नगरपालिकाको वडा नम्बर १२ र २२ अवस्थित राजा सलहेसको फुलवारीमा हरेक वर्ष वैशाख १ गते ठूलो मेला लाग्ने गरेको छ। राजा सलहेसको संस्मरणमा हारमको रुखमा हरेक वर्ष माला आकारको सुनाखरी फूल फुल्दै आएको थियो। तर यस वर्ष सो रुखमा फूल फुलेन।

फूल नफुल्नुको अनेक तर्कहरु मेलामा सुनिएको छ। वर्षमा एक दिन मात्र मेला लाग्ने सलहेस फूलवारीमा नेपाल र भारतबाट ठूलो संख्यामा दर्शनार्थीहरु आउने गरेका छन्। मेला भर्न आएका दर्शनार्थीहरुले रुखमा फूल नदेख्दा निराश भएका थिए।

कतिपयले प्राकृतिक विपदा भन्दै चित्त बुझाइरहेका थिए। तर कतिपयले अशुभ हुन सक्ने संकेतको रुपमा लिएका छन्।

विक्रम सम्वत शुभारम्भ भएको पहिलो दिन अर्थात वैशाख १ गते नै त्यहाँ हरेक वर्ष मेला लाग्ने गरेको

छ। फूल नफुले पनि मेला भने लागेको थियो। सिरहा जिल्लाका वरिष्ठ पत्रकार देवकुमार यादवले फूल नफुल्नुको कारण यकिन नभएको बताए। 'हरेक वर्ष वैशाख १ गते फुल्ने फूल यस वर्ष भने फुलेको छैन' उनले भने, त्यसको कारण यकिन भइसकेको छैन। जलवायु परिवर्तनको असर फूलमा परेको हुन सक्ने उनले बताए।

सलहेस फूलवारी मधेश प्रदेशको पर्यटकीय स्थलमा पर्छ। राजा सलहेसलाई दलितमा गनिने पासवान जातिले भगवान मान्छन्। राजा सलहेसले पासवानहरुलाई सम्मान दिएको मान्यता छ। राजा सलहेसलाई लोक देवता र लोकगाथाका पराक्रमी पुरुषको रुपमा पनि चिनिन्छ।

सलहेसका तीनवटै रानीको मन्दिर रहेको स्थानमा रहेको हारमको बोटमा फूल नलाग्नुको कारण केहिले 'मलेमास'(अधिक मास)लाई मान्छन्। मलेमास परेको कारण तिथि अनुसार फूल फुल्ने समय भइनसकेको सिरहाका प्रेमनाथ साहले बताए। 'मलेमासको कारण महिना ढिला भएकोले फूल मध्य वैशाखमा फुल्ने छ' उनले भने, फूलको टुसा पलाइसकेकाले तिथि अनुसारको समयमा फुल्नेछ। तर यस अघि फूल वैशाख १ गते नै फुल्ने गरेको उनले पनि बताए।

नेपाल पत्रकार महासंघ सिरहाका पूर्व अध्यक्ष दिनेश्वरप्रसाद गुप्ताले फूल नफुलेकोबाट दर्शनार्थीहरुमा निराशा देखिएको बताए। 'फुलको पालुवा आइसकेकोले केही दिनमा हार जस्तो आकार देखिनेछ' उनले भने, 'सलहेस मेला हेर्न आउने दर्शनार्थीहरुले फुललाई हेर्नु नै प्राथमिकता ठान्छन्।'

राज चौकीदारबाट राजा बनेका सलहेसले उत्पीडित, दलित, शोषितहरुको मुक्तिका लागि निरन्तर लडेको उनको गाथामा उल्लेख गरिएको छ। पासवान(दुसाध)जातिको वस्ती रहेको पालिकाहरुमा धुमधामसित सलहेस मेला आयोजन हुँदै आएको छ।

तर दुसाध जातिसँगै हिन्दूहरुले राजा सलहेसको मन्दिर रहेको सलहेस फूलवारीमा पूजा गर्छन्। सलहेस फुलवारीको संरक्षणका लागि लहान नगरपालिका, मधेश प्रदेश सरकार र संघीय सरकारले बजेट विनियोजन गर्दै आएको छ। राजा सलहेससित जोडिएका अधिकांश स्थलहरु सिरहा जिल्लामा नै रहेका छन्।

राजा सलहेसमाथि विभिन्न क्षेत्रका विज्ञहरुले अनुसन्धान गरेका छन्। कयौं पुस्तकहरु विभिन्न भाषामा प्रकाशित छन्। तर सरकारले अझै सलेहस फूलवारीलाई गम्भीरतापूर्वक लिएको छैन। पर्यटकका लागि सलहेस फूलवारी आकर्षक गन्तव्य बन्न सक्ने मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि 'भ्रमण' बताउँछन्।

शिक्षक आवश्यकता

मधेश प्रदेशमै ख्याती प्राप्त धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपलिका, महेन्द्रनगरमा संचालित सिस्टमेटिक ईंग्लिस बोर्डिङ्ग स्कूलमा तपसिल बमोजिमको शिक्षक आवश्यकता भएकोले ईच्छुक तथा योग्य उम्मेदवारहरुले ७ दिन भित्र वायोडाटा सहित संम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल

क्र. स.	विषय	संख्या	शैक्षिक योग्यता
१	नेपाली (मावि)	१ (एक)	नेपाली विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ।
२	अँग्रेजी (मावि)	१ (एक)	अँग्रेजी विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ।
३	नेपाली (प्रावि)	३ (तिन)	नेपाली विषयमा +२ उतिर्ण
४	अँग्रेजी (प्रावि)	४ (एक)	अँग्रेजी विषयमा +२ उतिर्ण

सम्पर्क नम्बर : ९८०९६३५४९१

शुभकामना नववर्ष २०८१ साल

नव वर्ष २०८१ सालको सुखद अवसरमा सम्पूर्ण गाउँपालिकावासी दाजु भाई दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

भोगेन्द्र मिश्र
अध्यक्ष
एवं
लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा

Under the Management of J.E.F Pvt. Ltd

SIDDHARTHA SHISHU SADAN

BOARDING SECONDARY SCHOOL

Janakpurdham-01 (Province-02)

Play Group to Class XII

नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं।

४२ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४३ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक आमा शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई ध्यानमा राखि विगतको वर्ष झैं यस शैक्षिक सत्र २०८१ मा पनि छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ।

शैक्षिक सत्र २०८१ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म नयाँ भर्ना लिइनेछ। (नोटः कक्षा ९ मा केही सिट मात्र)
२. नर्सरी देखि कक्षा ५ सम्म मौखिक परीक्षा तथा कक्षा ६ देखि कक्षा ९ सम्म लिखित तथा मौखिक परीक्षा लिइनेछ।
३. नयाँ भर्नाको लागि फारम वितरण :- वि.स. २०८० चैत्र २५ गते आइतवारबाट
४. नयाँ भर्नाको लागि प्रवेश-परीक्षा :- वि.सं. २०८१ बैशाख ०४ गते मंगलवार
५. प्रवेश-परीक्षाको समय :- बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म
६. प्रवेश-परीक्षामा तयारी गर्नुपर्ने विषयहरु :- अङ्गेजी, नेपाली, गणित र विज्ञान
७. प्रवेश-परीक्षाको नतिजा प्रकाशन :- २०८१ बैशाख ०४ गते बेलुका ५ बजे
८. शैक्षिक सत्र २०८१ को कक्षा प्रारम्भ :- २०८१ बैशाख ०६ गते विहीवार देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०४८९०१८१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

प्राचार्य

सिद्धार्थ शिशु सदन

भानुचौक, जनकपुरधाम–९
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा, पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

जनकपुरधामस्थित हिन्दूहरूको आस्थाको केन्द्र जानकी मन्दिरमा नयाँ वर्ष २०८१ को पहिलो दिन शनिबार पूजाअर्चना गर्न पुगेका भक्तजनको भीड । *तस्बिरः रासस*

मिथिलाञ्चलमा सतुवाइन पर्व मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम । नयाँ वर्ष हर्षोल्लासका साथ मनाइरहँदा मधेस तथा मिथिलाञ्चल क्षेत्रमा शनिबार सतुवाइन पर्व मनाइँदै छ ।

कुलदेवतालाई सतुवा चढाएर सतुवाइन मनाइन्छ । देउतालाई प्रसादको रुपमा सातु चढाउने र त्यसपछि परिवारका सम्पूर्ण सदस्यले सातु खाने गरिन्छ । चना, गहुँ, मकै र जौ मिसाएर तयार पारेको सातु खाने तथा दान गर्ने चलन छ । प्रायले देउतालाई चढाउने सातु जौको हुने गर्दछ ।

त्यस्तै सतुवाइन पर्वको भोलिपल्ट मधेशमा जुडशीतल पर्व मनाउने चलन छ । जुडशीतल पर्वमा घरका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घ

जीवनको आशीर्वाद दिने गर्दछन् ।

नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको मिथिला संस्कृति र परम्पराका जानकार बताउँछन् । यो पर्वमा चना बदामको सातु, दाल, मनुंगा को तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर करी पकाइ खाने परम्परा छ । जुडशीतल पर्वमा खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ । यस क्षेत्रमा यो पर्व सबै समुदायले मनाउने गर्दछन् ।

बिस्केटसहित जात्रा हेर्न हजारौँको भीड

काठमाण्डु । परम्परागतरूपमा तान्त्रिक विधिअनुसार मनाइने बिस्केट जात्रा सुरु भएसँगै शनिबार सञ्चालन हुने थरीथरीका जात्रा हेर्न हजारौँको भीड लागेको छ ।

भेलुखेलस्थि ल्यासित्े लमा शुक्रबार साँझ उठाइएको लिङ्गो हेर्न भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रेलगायत विभिन्न जिल्लाबाट हजारौँको घुइँचो लागेको छ । पचपन्न हात लामो, नाङ्लो जत्रो फेद भएको, इन्द्रध्वजासहितको लिङ्गोजात्रा हेरे मनोकाङ्क्ष पूरा हुने , शत्रुनाश हुने सहकाल आउने जनविश्वास छ । चैत मसान्तमा इन्द्रध्वजासहितको लिङ्गो उठाउने र आज दिनभर मेला सञ्चालन गरी साँझ लिङ्गो ढालिन्छ ।

चरखण्डी र गुप्तेश्वरमा रातिदेखि नै भीड

शनिबार भक्तपुरको दधीकोट र सिरुटारको सङ्गमस्थलमा रहेको चरखण्डी मन्दिरमा बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको छ । चरखण्डी महादेव मन्दिरको कुण्डमा स्नान गरी महादेवको पूजा गरे शरीरका सबै रोग नाश भई काम सफल हुने जनविश्वास रहेको संस्कृति अनुसन्धानकर्ता रत्न सायमीले बताउनुभयो ।

किंवदन्तीअनुसार सिकारीले मारेको भँगेरा चरखण्डीको पोखरीमा डुब्दा दैवीशक्तिका कारण पुनःजीवित भएर उडेको थियो । यहाँको कुण्डमा नुहाए जीउमा खटिरा, दागलगायत छालासम्बन्धी रोगबाट मुक्ति मिल्ने जनविश्वास रहेको उहाँले जानकारी दिनुभयो । यही विश्वासले आज यहाँको कुण्डमा स्नान गर्ने बिहान ४ बजेदेखि नै भीड लागेको छ ।

प्रत्येक वर्ष वैशाख १ गते मनाइने चारखण्डी मेलामा मन्दिर परिसरमा युवाले शरीरमा बत्ती बालेर बसेका छन् । शरीरमा बत्ती बालेर बसेमा पाप नष्ट हुने एवं पुण्य प्राप्त हुने विश्वास गरिन्छ । यस मन्दिरमा बिहान ५ बजेदेखि नै तीन वटा खटसहितको खट जात्रासमेत गरिएको छ । दधीकोटको विभिन्न क्षेत्र परिक्रमा गराई बिहानै ल्याइएको खट पुनःमन्दिर परिसरमा राखेर पूजा गर्ने गरिन्छ ।

सिरुटार, बालकोटका बासिन्दाले त्यहाँको गुप्तेश्वर महादेव मन्दिरमा खट यात्रा गरी बिस्केट जात्रा मनाएका छन् । धिमे बाजाका साथ खटलाई गुप्तेश्वर महादेव मनिदर परिसरमा विधिपूर्वक पूजा गरी सुरु भएको खट जात्रा सिरुटारदेखि बालकोटसम्मको टोलटोलमा घुमाएर पूजा गर्दै जात्रा मनाएको स्थानीय भाइकृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।त्यसैगरी दधिकोटको चित्रपुरस्थित छुमा गणेश मन्दिरमा पनि बिहानैदेखि मेला लागेको छ भने गणेशको खट जात्रा निकालिएको छ ।

थिमिमा चान्हेसिया

चैत मसान्तको दिन साँझ सुरु भई रातभर सञ्चालन हुने चान्हेसिया अर्थात् रात्रिको जात्रा आज बिहान थिमिमा सम्पन्न भएको छ । मध्यपुरथिमिका बासिन्दाले मनाउने उक्त जात्रामा हिजो साँझ बालकुमारीलाई थिमिको लायकू दरबारबाट जात्रा गरी बालकुमारी मन्दिरमा ल्याएर विराजमान गराई चान्हेसिया जात्रा सुरु गरिएको थियो ।

चान्हेसिया जात्रामा सर्वप्रथम दिगुटोलस्थित दिगुभैरवलाई आचाजु कर्माचार्यको घरबाट लायकुमा ल्याइन्छ भने त्यसपछि तलेजुबाट बालकुमारीलाई ढकीमा राखेर कपडाले छोपी लायकू अगाडि ल्याइएर जात्रा मनाइन्छ । त्यसपछि भने खटमा राखी बालकुमारी मन्दिरमा विराजमान गराइएन्छ ।

जात्रामा थिमिको अधिंकाश घरबाट चिराग बालेर र धिमाय बजाई दक्षिणबाराही, हरिसिद्धि र अजिमा देवतालाई ल्याएपछि पुनः बालकुमारीबाट शत्त धर चोक हुँदै क्वाछेंस्थित दक्षिण बाराही मन्दिर परिक्रमा गराएको थियो । त्यसपछि तछुटोल, विष्णुवीर मन्दिर परिक्रमा गराई बालकुमारी मन्दिरमा ल्याएर पाँचपटक परिक्रमा गराएपछि सोही स्थानमा आआफ्नो आसनमा खटहरुलाई राखेपछि जात्रा सम्पन्न भएको थियो ।

थिमिमा विष्णुवीर सिद्धिकाली जात्रा

मध्यपुरथिमिका बासिन्दाले विष्णुवीर एवं सिद्धिकाली जात्रा आज थिमिमा सम्पन्न गरेका छन् । रासस

न्यायालय सुधारमा प्रगति, उपलब्धि सन्तोषप्रद

काठमाण्डु । वर्ष २०८० मा भएका न्यायालय सुधारका प्रयासले गति लिएको तथा मुद्दा फछ्र्यौटलाई आधार बनाउँदा उपलब्धि सन्तोषजनक मान्न सकिन्छ ।

सर्वोच्च अदालतले पाँच वर्ष नाघेका मुद्दालाई आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्ममा शून्यमा झार्ने लक्ष्यका साथ मुद्दा फछ्र्यौटको कामलाई तीव्रता दिएको छ । पाँच वर्ष नाघेका मुद्दाको संख्या बढ्दै गएपछि मुद्दा किनारा लगाउन 'विचाराधीन पुराना वक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना, २०७९ कार्यान्वयन ल्याएपछि मुद्दा फछ्र्यौटमा तीव्रता आएको हो । यो २०७९ साउन १ गतेदेखि लागू भएको थियो ।

"अदालतमा थुप्रिएका पुराना र नयाँ मुद्दालाई चाँडो छिनाफाना गर्न अतिरिक्त समय काम गर्ने, समयमा इजलास बस्ने गरेको छ", सर्वोच्च अदालतका रजिष्ट्रार विमल पौडेलले भन्नुभयो, "अब दैनिक १० वटा इजलास बस्दा योजनाअनुरुप मुद्दा फछ्र्यौटमा सहयोग पुग्छ, रिक्त न्यायाधीश पूर्तिसँगै मुद्दा फछ्र्यौटमा तीव्ररुपमा भइरहेको छ ।" सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ । हाल प्रधानन्यायाधीशसहित १९ जना न्यायाधीश कार्यरत हुनुहुन्छ ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्यअनुसार मुद्दा शीघ्र फर्छ्यौटका गर्न तत्कालीन प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले पुराना मुद्दालाई चाँडो फछ्र्यौट गर्न न्यायाधीश तीलप्रसाद श्रेष्ठको संयोजकत्वमा एउटा समिति गठन गर्नुभएको थियो । उक्त समितिमा तत्कालीन नायब महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेय, नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बार एशोसिएसनका तत्कालीन अध्यक्ष पूर्णमान शाक्य हुनुहुन्थ्यो । त्यो समितिले कार्ययोजना बनाई लागू गरेको थियो ।

उक्त कार्ययोजनामा निर्धारित समय ११ बजे इजलास बस्ने र पूरा समय बस्ने परिपाटी अपनाउने तथा सम्बन्धित सरकारी वकिल र कानुन व्यवसायी पनि निर्धारित समयमा इजलासमा उपस्थित हुनुपर्ने उल्लेख गरिएको थियो । उक्त कार्ययोजनाअनुसार सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतमा काम भइरहेको छ ।

कार्ययोजना लागू भएपछि मुद्दा फछ्र्यौटमा राम्रो सफलता प्राप्त भएको छ । विसं २०८० मा पाँच वर्ष नाघेका मुद्दा दुई हजार आठ सय ८१ थान फछ्र्यौट भएको छ । कूल छ हजार छ सय ६२ मुद्दामा तीन हजार सात सय ८१ मुद्दा फछ्र्यौट गर्न बाँकी छ ।

पुराना मुद्दालाई चाँडो छिनाफाना गर्ने कार्ययोजनाअनुसार सर्वोच्चदेखि उच्च

र जिल्ला अदालतमा न्यायाधीशहरु रिक्त हुँदा सोचेअनुरुप मुद्दा हुन सकेको थिएन । यस वर्ष तीनै तहका अदालतमा न्यायाधीश नियुक्ति भएपछि न्यायसम्पादनमा गति आएको छ । उच्च अदालतममा एक सय ६० दरबन्दी रहेकामा एक सय ५२ न्यायाधीश हुनुहुन्छ । एक मुख्य न्यायाधीशसहित सात न्यायाधीशको पद रिक्त छ । जिल्ला अदालतमा दुई सय ८७ दरबन्दीमध्ये दुई सय ४२ न्यायाधीश कार्यरत हुनुहुन्छ । त्रिचालिस जिल्ला अदालतमा पदपूर्ति हुन बाँकी छ ।

न्यायपरिषद्का प्रवक्ता अशोककुमार क्षेत्रीका अनुसार परिषद्ले उजुरीउपर उल्लेख्य सुधार गरेको छ । उजुरीउपर छानबिन गरी कारबाहीको प्रक्रिया अघि बढाएको छ । "परिषद्मा परेका २०७९ सम्मको उजुरी छानबिन सकिएको छ, तीन सय ३७ उजुरीमा यो वर्ष एक सय १७ उजुरीको छानबिन भएको छ", प्रवक्ता क्षेत्रीले भन्नुभयो, "न्यायिक सुधारका लागि परिषद्ले निरन्तर काम गरिरहेको छ ।"

न्यायालयमा लामो समय न्यायाधीश नियुक्ति हुन नसक्दा मुद्दा फछ्र्यौटमा ढिलाइ भएको थियो । पदपूर्तिसँगै न्यायलयले मुद्दा फछ्र्यौटमा राम्रो लय लिएको छ । "मुद्दा फछ्र्यौटमा न्यायालयले सम्पूर्ण ध्यान दिएको छ", रजिष्ट्रार पौडेलले भन्नुभयो, "कानुनको शासनको प्रवर्द्धन तथा नागरिकको हकको संरक्षक न्यायालयले प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।"

सर्वोच्च अदालतमा २०८० साल चैत ३० गते सम्मको लगत फछ्र्यौटलाई विश्लेषण गर्दा ११ हजार आठ मुद्दा फछ्र्यौट भएका छन् । जिम्मेवारी सरेका २८ हजार एक सय २९ र सोही वर्ष परेको गरी नौ हजार दुई सय ६६ गरी ३७ हजार तीन सय ५९ छन्भने सर्वोच्च अदालतमा २६ हजार तीन सय ७८ मुद्दा बाँकी छन् । सर्वोच्च अदालतमा दुई वर्ष नाघेका मुद्दा १८ हजार सात सय ८१ मध्ये पाँच हजार तीन सय १९ फछ्र्यौट भएका छन् ।

न्यायालय सुधारको कार्की प्रतिवेदन फूलकोर्टले पारित गर्नुपर्ने

नेपाल कानुन व्यवसायी परिषद्का पार्षद् तथा वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवालीलाई न्यायापालिकाका विकृति पूर्णरुपमा अन्त्य गर्नुपर्छ भन्ने लाग्छ । नेपाल बार एशोसिसन र सर्वोच्च बार एशोसिएसनले न्यायालयको सुधारका लागि लामो समय आन्दोलन गरेको थियो । "न्यायालयको सुधारका लागि न्यायाधीश हरिकृष्ण कार्कीले बनाएको प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठक (फूल कोर्ट) ले पारित गर्नुपर्छ, त्यसपछि विसङ्गति हट्छ भन्ने सम्पूर्ण कानुन व्यवसायीको माग हो", उहाँले भन्नुभयो, "त्यही मागबमोजिम तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसद्मा महाअभियोग लाग्यो, हाल अहिले न्यायालयमा धेरै सुधार भएको छ ।"

वरिष्ठ अधिवक्ता ज्ञवालीका अनुसार वर्तमान अवस्थामा न्यायालयले लिएको गति सकारात्मक छ । मुद्दा फछ्र्यौटमा पनि प्रगति भएको छ । वर्तमान प्रधानन्यायाधीशले कार्यभार सम्हालेपछि मुद्दा व्यवस्थापनमा स्वचालित प्रणाली लागू भयो । यो सकारात्मक पक्ष हो । उहाँकै नेतृत्वमा न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) भयो । त्यो संशोधन अविलम्ब खारेज गर्न माग भइरहेको छ । "न्याय परिषद्बाट नियमावली पारित भयो, त्यहीअनुसार लागू भयो र न्यायपालिकामा विचलन आयो, वरिष्ठ अधिवक्ता ज्ञवालीले भन्नुभयो, "१०औँ वर्ष काम गरेका न्यायाधीशभन्दा रजिष्ट्रार, मुख्य रजिष्ट्रारबाट न्यायाधीश नियुक्ति गर्दा ज्येष्ठता वा वरिष्ठता हुने व्यवस्था गरियो, त्यो गलत हो । त्यो अविलम्ब खारेज गर्नुपर्छ ।" न्यायापालिकाले नै संविधानको कार्यान्वयन गराउने भएको हुनाले संविधानसँग बाझिएका मुद्दाहरु अदालतमा आउँदा जतिसक्दो छिटो फैसला हुनुपर्ने उहाँको ठहर छ ।

परिषदको संशोधित नियमावली खारेज हुनुपर्ने

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) तत्काल खारेज गर्नुपर्ने माग गर्नुभएको छ ।

"न्यायालय विचौलियाबाट प्रभावित भएको छैन, जुन सकारात्मक हो, अध्यक्ष घिमिरेले भन्नुभयो, "वर्तमान प्रधानन्यायाधीश आएपछि न्यायपरिषद्ले नियमावली जारी गऱ्यो, यसले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशमा विभाजन भएको छ, निरासा बढेको छ, त्यो अविलम्ब खारेज होस्, मैले पटकपटक न्यायालयको नेतृत्वलाई भनेको छु, तर सुनुवाइ भएको छैन ।" न्यायाधीशको मर्यादाक्रम, सेवासर्त संविधानमा भएको व्यवस्थालाई न्याय परिषद् आफैले नियमावली परिवर्तन गरेको र छलफलका लागि बारले बोलाउँदा नआएकोप्रति उहाँको गम्भीर आपत्ति छ ।

गोला प्रक्रियाबाट पेसी निर्धारण

न्यायालयको इतिहासमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रणालीको अन्त्य गर्दै २०७८ मङ्सिर १५ गतेदेखि गोला प्रक्रियाबाट पेसी निर्धारण गर्न थालिएको हो । प्रधानन्यायाधीशको चाहनाअनुसारको इजलासमा मुद्दा तोक्ने प्रवृत्तिको अन्त्यलगायत विकृति घट्ने अपेक्षाका साथ यो प्रक्रिया प्रारम्भ गरिएको हो ।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिले न्यायालय सुधारका लागि अटोमेसन (स्वचालित प्रणाली) बाट पेसी तोक्न सुझावसहितको प्रतिवेदन दिएको थियो । सोही प्रतिवेदनअनुसार गोला प्रक्रियाबाट पेसी तोक्न थालिएको हो । सुरुमा सर्वोच्च अदालतमा गरिएको अभ्यासअनुसार अहिले उच्च र जिल्लामा पनि गोला प्रक्रियाबाट नै पेसी तोकिने व्यवस्था छ । न्यायिक सुशासनका लागि यसलाई महत्वपूर्ण कदमका रुपमा लिइएको छ ।

सर्वोच्च र उच्च अदालत स्वचालित पेसी

न्यायिक सुशासनका लागि सर्वोच्च अदालतमा र उच्च अदालतमा स्वचालित पेसी व्यवस्थापन प्रणाली प्रारम्भ गरिएको छ ।सर्वोच्च अदालतमा गत भदौ ११ गतेदेखि र उच्च अदालतहरुमा पुस ८ गतेदेखि लागू गरिएको छ । न्यायालयले जिल्ला अदालतमा पनि उक्त प्रणाली लागू गर्न अध्ययन गरिरहेको जनाएको छ । अदालतलाई पूर्णरुपमा प्रविधिमन्त्री बनाउँदा सहजरुपमा सेवाग्राहीले सेवा पाउने, सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढाउन उक्त प्रणाली अपनाइएको हो ।

सर्वोच्चसहित छ उच्च अदालमा 'भर्चुअल' सुनुवाइ

सर्वोच्च अदालतमा कोभिड-१९ को महामारीका बेला भर्चुअल (श्रव्यदृश्यका माध्यमबाट)सुनुवाइ थालियो । उच्च अदालतमा दीपायल, इलाम, जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौँडामा यसलाई निरन्तरता दिइएको छ ।

३८ लाख मुद्दा 'डिजिटलाइजेसन' गरिँदै

देशभरका अदालतमा ३८ लाखका मुद्दाका मिसिल छन् । तिनलाई सम्बन्धित जिल्लाबाटै 'स्क्यान' गरेर डिटलाइजेसन थालिएको छ । सर्वोच्च अदालतको सूचना प्रविधि महाशाखाका प्रबन्धक गौरीनाथ कोइरालाले अदालतको अभिलेखालयमा रहेका मिसिल डिजिटलाइजेसन थालिएको बताउनुभयो ।"हालसम्म जिल्ला र उच्च अदालतका ९० हजार मिसिल स्क्यान भइसकेका छन्, जिल्लाका अभिलेख शाखाबाट काम भइरहेको छ", उहाँले भन्नुभयो, "सबै जिल्ला, उच्च अदालतमा यो प्रारम्भ भएको छ, अब सर्वोच्चमा पनि शीघ्र सुरु हुन्छ, यो प्रक्रियाबाट मुद्दाको नम्बर भएपछि जुनसुकै जिल्लाको मुद्दा जहाँ पनि हेर्न सकिन्छ ।"रासस

तपाईको आज

पण्डित : ब्रम जी

मेष	: नयाँ कार्य हुने ।
बृष	: बौद्धिक क्षमता ।
मिथून	: प्रतिभा सम्पन्नता ।
कर्कट	: शिक्षामा उन्नति ।
सिंह	: पारिवाहिक सुख ।
कन्या	: धन वृद्धि सञ्चय ।
तुला	: प्रेम प्रसंग, मित्र सुख ।
वृश्चिक	: सुख समृद्धि हुने ।
धनु	: भ्रमण अवसर हुने ।
मकर	: अवसर प्राप्त ।
कुम्भ	: वाद विवादबाट बच्नु ।
मीन	: पुरस्कार प्राप्त लाभ ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरतीःसाँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

नाबालिकालाई भारततर्फ लैजाँदै गरेका युवक पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । सामाजिक सञ्जालबाट प्रेम सम्बन्धमा पारी १७ वर्षीया नेपाली नाबालिकालाई भारततर्फ लैजाँदै गरेको अवस्थामा एक युवकलाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरेको छ।

वीरगञ्जको सीमावर्ती क्षेत्र रक्सौलबाट प्रहरीले पर्सा जगरनाथपुर गाउपालिका पाँडेपुरका २७ वर्षीय मोहम्मद मञ्जुर आलम खानलाई पक्राउ गरेको छ । खानलाई भारतको मानव तस्कर रोधी इकाई (क्षेत्रक मुख्यालय) बेतिया कार्यालय ४७ औं बाहिनी सशस्त्र सीमा बल रक्सौल पूर्वी चम्पारण बिहारले ' मिसन निर्भया' अन्तर्गत शुक्रबार सीमाबाट पक्राउ गरेको हो।

भारतीय सुरक्षा फौज एसएसबीका इन्स्पेक्टर मनोज कुमार शर्मालाई प्राप्त सूचना अनुसार नेपाल भारत मैत्री पुलमा आवश्यक सर्तकता अपनाइएपछि खानलाई ती नाबालिका सहित नियन्त्रणमा लिन सफलता मिलेको छ । माइती नेपाल वीरगञ्ज आवधिक गृहको सहजीकरण पछि आरोपित खान र ती बालिका दुवैसँग बयान लिइएको थियो।

बयान अघि दुबैले आफूहरु पति पत्नी रहेको बताए पनि बयानको क्रममा भने १७ वर्षीय नाबालिकाले सामाजिक सञ्जालबाट प्रेम सम्बन्ध परेपछि खानले विवाह गर्ने भनि आफूलाई भारततर्फ लैजान खोजेको बताइन्। बयानको क्रममा खानको पहिलो पत्नीसंग सम्बन्ध बिच्छेद भइ सकेको र दोश्रो विवाह तय भइकेको छ।

हाल तेश्री नाबालिकालाई पनि उनले विवाह गर्ने बताउँदै भारततर्फ लग्न खोजेको पाइएको इन्सपेक्टर शर्माले बताए।

आज जुडशीतल

टुडे समाचारदाता

जनकपुरधाम । नयाँ वर्ष हर्षोल्लासका साथ मनाइरहँदा जनकपुरधामसहित मिथिलाञ्चल क्षेत्रमा शनिबार सतुवाइन पर्व मनाइएको छ । कुलदेवतालाई सतुवा चढाएर सतुवाइन मनाइने गरिन्छ । देवतालाई प्रसादको रुपमा सातु चढाउने र त्यसपछि परिवारका सम्पूर्ण सदस्यले सातु खाने परम्परा रहेको छ । चना, गहुँ, मकै र जौं मिसाएर तयार पारेको सातु खाने तथा दान गर्ने चलन छ। देवतालाई चढाउने सातु जौंको हुने गर्दछ।

त्यस्तै सतुवाइन पर्वपछि मिथिलाञ्चल क्षेत्रमा जुडशीतल पर्व मनाइँने गरिन्छ। जुडशीतल पर्वमा घरका ज्येष्ठ सदस्यले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घ जीवनको आशीर्वाद दिने गर्दछन्।

नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको संस्कृतिविद्हरु बताउँछन् । यो पर्वमा चना बदामको सातु, दाल, सजिवनको तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर करी पकाइ खाने परम्परा छ।

जुडशीतल पर्वमा खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ। यस क्षेत्रमा यो पर्व सबै समुदायले मनाउने गर्दछन्।

सांसद चौरसियाद्वारा बृद्धाश्रमको शिलान्यास

टुडे समाचारदाता

वीरगञ्ज। नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री अजय चौरसियाले नवनिर्मित वृद्धाश्रमको शिलान्यास गरेका छन् । शनिबार वीरगञ्ज महानगरपालिका वडा नम्बर १९ स्थित तिलावे नदी चोकमा वृद्धाश्रमको शिलान्यास पूर्वमन्त्री चौरसियाले गरे। पर्सा क्षेत्र नम्बर २का सांसद चौरसियाले तिलावे नदीको पश्चिम-दक्षिणको कुनामा रहेको जग्गामा हनुमान वृद्धाश्रम शिलान्यास गरेका छन्।

दुई विघा जग्गामा निर्माण सुरु गरिएको सो वृद्धाश्रम संघीय सरकारबाट १ करोड रुपैयाँ विनियोजन गरिएको थियो। जसको ठेक्का ६४ लाख रुपैयाँको हाराहारीमा सोही वडाका अध्यक्ष मुकेश चौरसिया निर्माण कम्पनीले पाएको हो।

यो वृद्धाश्रम निर्माणका लागि समाजसेवी प्रेम टिवडेवालले जग्गा उपलब्ध गराएका छन्। शिलान्यास गरिएको हनुमान वृद्धाश्रम पहिलो तल्लामा ११ वटा कोठा सहित बाथरुम समेत निर्माण गरिने जनाइएको छ।

सो वृद्धाश्रम यही १५ असार भित्र भवन निर्माणको कार्य सम्पन्न गर्ने गरी टेण्डर भएको हनुमान वृद्धाश्रम समितिले जनाएको छ।

शिलान्यास कार्यक्रममा समाजसेवी मुरलीधर रूगंटा अध्यक्षतामा भएतामा सम्पन्न भएको शिलान्यास कार्यक्रममा वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंह, जेष्ठ नागरिक प्रतिष्ठानका अध्यक्ष जगदिश शर्मा ,मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, समाजसेवीहरू विनय साह, पशुपति बिक्रम शाह, उषा शाह, श्याम पोखरेल, दिपक टिबडेवाल, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतम, रक्तसंचार केन्द्रका मधुराणा, लगायतको उपस्थिति रहेको थियो।

मुस्लिम समुदायद्वारा प्रदर्शन

टुडे समाचारदाता

जनकपुरधाम। इस्लाम धर्ममाथि सामाजिक सञ्जालको माध्यमबाट विभिन्न खाले टिकाटिप्पणी गरेको भन्दै मधेश प्रदेशको विभिन्न ठाउँमा मुस्लिम समुदायले प्रदर्शन गरेका छन्।

सामाजिक सञ्जाल फेसबुकमा इस्लाम धर्ममाथि विरुद्ध अनावश्यक टिप्पणी गरेको भन्दै कारबाहीको माग गर्दै जनकपुरधाम र वीरगञ्जमा समेत मुस्लिम समुदायले प्रदर्शन गरेका छन्।

जनकपुरधाम उपमहानगरपालिकाको देवपुरा रुपैठामा मुस्लिम समुदायले चक्काजाम तथा टायर बालेर प्रदर्शन गरेका छन्। शनिबारमा जनकपुरधामस्थित मिल चोकमा चक्काजाम तथा टायर बालेर मुस्लिम समुदायले प्रदर्शन गरेका छन्।

त्यस्तै शुक्रबार वीरगञ्जका मुस्लिम समुदायले विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय पर्सामा हजरत महोम्मदको विषयमा अनावश्यक टिप्पणी गर्नेलाई कारबाही गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका थिए

सर्लाहीको मलंगवामा पनि मुस्लिम समुदायले सामाजिक सञ्जालमा जथाभावी टिप्पणी गर्नेको विरोधमा प्रदर्शन गरेका छन्।

मिथिलामा चैती छठ मनाइँदै

टुडे समाचारदाता

जनकपुरधाम । मिथिलाञ्चलसहित तराई-मधेशमा वर्षको अन्तिम महिनामा मनाइँने चैती छठ शुरु भएको छ। चैत शुक्लपक्ष चतुर्थी तिथिबाट नहाय खाय गरेर शुरु भएको चैती छठ अन्तर्गत शनिबार खरना विधि सम्पन्न भएको छ।

चैत महिनाको छठ गर्ने व्रतीहरूले शनिबार दिनभर निराहार बसेर साँझको समयमा मिठाको खीर, पुरी, ठकुवा, रोटी, केरालगायतका विभिन्न परिकारहरू तयार पारेर घरको आँगन वा देवताको घरमा गाईको गोवरले लिपपोत गरेर तयार पारेको चोखो ठाउँमा छठी मैया आह्वान गरेर केराको पातमा प्रसाद छठी मैयालाई अर्पण गर्ने परम्परा रहेको छ।

छठी मैयालाई अर्पण गरेको प्रसाद सहितका सामग्रीहरू सर्वसाधारणलाई वितरण गरी ब्रतालुले आफै पनि नुन रहित खरना खाने चलन रहेको छ। शनिबार खरना गरेका व्रतालुहरूले षष्ठी तथा सप्तमी तिथिको बिहानको अर्घ सम्पन्न नभएसम्म जल पनि ग्रहण नगरेर व्रत बस्नुपर्छ।

चैती छठ अन्तर्गत चोखो ठाउँ तथा भाडा वर्तनको प्रयोग गरेर घरमा नै तयार पारिएको ठकुवा, भुसवा, उखु, नरीवल, अदुवा, बेसार, केरालगायतका फलफूलहरू टपरी, डगरी, कुरुवार, ढकना सहितका वर्तनहरूमा राखेर छिट्टीमा राखेर घर नजदिकको पोखरी, तलाउ, नदी, सरोवरलगायतको ठाउँमा पुगेर अस्ताउन लागेको सूर्यलाई पहिलो अर्घ दिने गरिन्छ।

त्यसको दोस्रो दिन सो प्रसाद सामग्रीहरूलाई नै सूर्यको उदाउँदो स्वरूपलाई एक एक गरेर अर्पण गरी छठसम्बन्धी कथा सुनेर पर्वको समापन गरिन्छ। छठ पर्व गर्नाले परिवार जनमा शान्ति, समृद्धि, पुत्र प्राप्ति, पुत्रको दीर्घ जीवन चर्म रोग निको हुने वा नलाग्ने धार्मिक विश्वास रहेको छ।

भन्सार छलीका सामान बरामद

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा प्रहरीले चैत महिनामा जिल्लाको विभिन्न स्थानबाट राजश्व चोरी पैठारी गरी ल्याइएका ५ करोड ८७ लाख रुपैयाँ मूल्य बराबरका सामग्रीहरु बरामद भएको छ।

पर्सा प्रहरीका सूचना अधिकृतसमेत रहेका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले राजस्व अभिवृद्धि तथा भन्सार चोरी पैठारी न्यूनीकरण गर्न विभिन्न तहका प्रहरी परिचालन गरिएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरी परिचालन भइ चैत १ देखि ३० गतेसम्मको अवधिमा ५ करोड ८७ लाख ३६ हजार सात सय ९९ रुपैयाँ बराबरका तस्करीका मालसामान बरामद गरिएको जनाइएको छ । पर्सा प्रहरीले बरामद गरेका लत्ताकपडा, सवारी साधनका पार्टपुर्जा, विद्युतीय सामग्रीहरु, किराना तथा खाद्यान्न बस्तुहरु समेत गरी गरी राजस्व अनुसन्धान कार्यालय पथलैया बारा र वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरिएको जनाइएको छ।

बरामद भएका सामग्रीहरुमा १ करोड २३ लाख ४६ हजार ४ सय ९१ रुपैयाँ बराबरको लत्ताकपडा, १ करोड १० लाख ८७ हजार ७ सय १० रुपैयाँ बराबरको सवारी साधन तथा पार्टपुर्जा, २ करोड १० लाख ७८ हजार ६ सय ८१ रुपैयाँ बराबरको विद्युतीय सामग्रीहरु तथा १ करोड ४२ लाख २३ हजार ९ सय १७ रुपैयाँ बराबरको किराना तथा खाद्यान्न सामग्री रहेका छन्।

नयाँ बर्षको आगमनमा निःशुल्क खाना ख्वाईयो

टुडे समाचारदाता

बारा । बाराको जीतपुरमा नयाँ वर्ष २०८१ को आगमनसँगै करिब १ सय जनालाई निःशुल्क खाना खुवाइएको छ । जितपुर सिमरा उपमहानगरपालिकास्थित जितपुर गरिब असहाय तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई एक छाक खाना खुवाइएको थियो।

सहयोगस्वरुप संकलन गरिएको रकम र सामग्रीबाट खाना खुवाइएको सहयोगी हात नेपाललका संरक्षक मनोज कुमार साहले जानकारी दिए । उनले अब हरेक शनिबार निशुल्क एक छाक खाना खुवाउने योजना रहेको बताए।

शनिबार पहिलो दिन दाल, भात, तरकारी र अचारसहित शाकाहारी खाना खुवाइएको थियो। निःशुल्क खाना खुवाउने कार्यबाट विशेष गरी निम्न वर्गीय श्रमिक लाभान्वित भएका छन्।

पहिलो दिन ठेला तथा रिक्सा चलाउनेदेखि लिएर नियमित ज्याला मजदुरी गर्ने तथा जितपुर क्षेत्रको मुख्य राजमार्गबाट आवतजावत गर्ने सर्वसाधारण एवम् पैदल यात्रुहरुसमेत खाना खान पुगेका थिए। संस्थाका अध्यक्ष देवान्न साहकाको अध्यक्षतामा भएको भएको निशुल्क खाना खुवाउने कार्यक्रमको औपचारिक उद्घाटन मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरीले गरेका थिए।

सो कार्यक्रममा जितपुर सिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोला अधिकारी, नेकपा माओवादी केन्द्रका जितपुरसिमरा नगर कमिटी अध्यक्ष प्रेम बराल, तत्कालीन जितपुर गाविसका पूर्व अध्यक्ष कृष्ण व्रत सिंह, समाजसेवी राजुराज गिरी, मनिर अन्सारीलगायतको उपस्थिति रहेको थियो।

> निःशुल्क खाना खुवाउने कार्यबाट विशेष गरी निम्न वर्गीय श्रमिक लाभान्वित भएका छन् ।

विजडम ट्री इन्टरनेशनल स्कुलमा उत्साहजनक नामाकंन

टुडे समाचारदाता

जनकपुरधामा । जनकपुरधाममा अन्तर्राष्ट्रिस्तरको गुणस्तरीय शिक्षा सहितको एक निजी विद्यालय औपचारिकरुपमा संचालनमा आएको छ।

मधेश प्रदेशमै शिक्षामा नयाँ आयाम सहितको जनकपुरधामको मिल्स एरियामा अत्याधुनिक सुविधा सम्पन्न विजडम ट्री इन्टरनेशनल नामक स्कूल शनिबारदेखि संचालनमा आएको छ।

पिजीदेखि कक्षा ५ सम्म संचालनमा आएको सो स्कूलमा विज्ञान, संगीत, रोबोटिक, गणित, कम्प्यूटर, डिजिटल पुस्तकालय, भाषिकलगायतका विभिन्न ल्याब र अन्तरराष्ट्रिय मापदण्डको स्मार्ट बोर्डसहितको स्मार्ट कक्षा कोठा, योग शिक्षा, मिथिला चित्रकलाको प्रशिक्षण लगायतका अत्याधुनिक सुविधासम्पन्न रहेको जनाइएको छ।

स्कूलका संस्थापक एवं मैनेजिंग डाइरेक्टर गौतम अग्रवालले जनकपुरधाम क्षेत्रमा धेरै निजी विद्यालय रहे पनि विद्यालयहरु शिक्षामा व्यापारीकरण गरिरहेकाले यस क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको शिक्षालयको अभावलाई देखेर विजडम ट्री इन्टरनेशनल स्कूल संचालनमा ल्याइएको बताए।

सो विद्यालयका प्रधानाध्यापक टिजो जोनसनले विद्यार्थीलाई परम्परागत किताबी ज्ञान बाहेक हामीले जीवनपयोगीसहितको शिक्षा विद्यालयमा प्रारम्भ गरेको बताए।

विद्यालयका शिक्षक लभ झाले शनिबारदेखि पूजापाठ गरी छात्रछात्राहरुको औपचारि करुपमा नामांकन उत्साहजनक थालिएको बताए।

निष्पक्ष न्यायपालिकाको संस्थागत विकासमा प्रधानन्यायाधीशको जोड

काठमाण्डु। प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले निष्पक्ष न्यायपालिकाको संस्थागत विकासमा जोड दिनुभएको छ।

नववर्ष २०८१ का अवसरमा शनिबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले न्यायपालिकाबाट भएका सुधारका प्रयासलाई सार्थक र परिणाममुखी बनाएर यसलाई सक्षम, सुदृढ र भरोसायोग्य न्यायप्रणालीका रूपकम स्थापना गर्न नयाँ वर्षमा सबैलाई सफलता मिलोस् भन्ने कामना गर्नुभएको छ। प्रधानन्यायाशधीले परापूर्वकालदेखि नेपाली समाजमा रहिआएको आपसी सद्भाव र सहिष्णुता कायम राख्दै सामाजिक ऐक्यबद्धता प्रवर्द्धन गर्न नयाँ वर्षको विशेष दिनले सबैमा थप ऊर्जा, हौसला र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

शुभकामना सन्देशमा भनिएको छ, "नेपालको संविधानले आत्मसात् गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्न विक्रम संवत् २०८१ मा विशेष योगदान पुग्न सकोस् भन्ने कामना गर्दछु।"

"जनताको आस्था एवं विश्वासको धरोहरका रूपमा रहिरहन न्यायपालिकाले जनतालाई गुणस्तरीय न्याय प्रवाह गर्ने कार्यमा दत्तचित्त भएर लागिपरेको छ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

जुडशीतलको शुभकामना

नेपालको तराई/मधेशमा जुडशितल र सिरुवा पर्व मनाइँदैछ। जुडशीतल मिथिलाका मैथिल समाज र सिरुवा पर्व थारु समुदायले मनाउने गर्छन् । वि.सं.को शुभारम्भ वैशाख १ गते हुने गरेको छ । जुडशीतल पनि त्यसकै निरन्तरता हो । तराईमा वैशाख महिनामा सुख्खा गर्मी हुन्छ। चैत महिनाको चिसोयुक्त गर्मीबाट तातो हावा चल्ने वैशाख महिना पनि शीतल रहोस् भन्ने कामनाका साथ जुडशीतल पर्व मनाइन्छ । जुडशीतल पर्वमा एकाविहानै मान्यजनहरुले आफ्ना सन्तानसहित टोलछिमेकका बालबालिकाहरुलाई जुडाउने गर्छन्। जुडशीतलमा जुडाइने मान्यताको पछाडि कयौं कारणहरु छन् । वर्षको प्रारम्भसँगै मनाइँने जुडशीतलमा मानवका साथै रुख बिरुवाहरुलाई पनि जुडाइन्छ । जुडशीतलमा जुडाइएपछि वर्षभरिको लागि शीतलता पुग्ने मान्यता छ। वैशाखको प्रचण्ड गर्मीमा पानीको कारण बोटविरुवा नमरोस् भनेर जुडशीतलमा जुडाइन्छ । मिथिलामा मानव र बोटबिरुवालाई जलले सिंचित गर्नुका साथै आगो बल्ने चुल्होलाई समेत एक दिन आराम दिइन्छ । जुडशीतलमा बनाइने खाद्य सामग्रीहरु अघिल्लै विहान बनाइन्छ । जुडशीतलको दिन कम्तीमा एक छाक चुल्हो बालिदैन । अग्नि देवको पुजा गरी चुल्होलाई विश्राम दिइने चलन रहेको छ। यसले मिथिलामा शान्तिप्रतिको मानवीय सद्भावलाई दर्शाउँछ । मिथिलामा वैशाखदेखि प्रचण्ड गर्मीको सुरुवात हुन्छ। वैशाखको गर्मी कृषिका लागि विशेष महत्व हुन्छ । चैतमा वाली भित्र् याइएपछि खेत जोतेर खाली छोडिन्छ । प्रचण्ड गर्मीले खेतको माटो पाक्ने गर्छ । त्यसबाट माटोमा रहेका क्षति पुऱ्याउने जीवाणुहरु मर्ने गर्छ । पाकेको माटोले असारमा वर्षा हुँदा बढी मात्रामा पानी सोस्ने गर्छ । आँप फलका लागि पनि वैशाख महिनाको बढ्दो तापक्रमलाई उपयुक्त मानिन्छ । जुडशीतल शीतलता प्रदान गर्ने त्यहौरको रुपमा मनाइए पनि यसको कयौं वैज्ञानिक कारण पनि छ। विगतमा पिउने पानीको मूल स्रोतको रुपमा रहने गरेको इनारको सरसफाइ जुडशीतलमा गरिन्थ्यो । त्यसमा सामाजिक सद् भाव पनि देखिन्थ्यो । टोलका सबै मिलेर इनारको सम्पूर्ण पानी बाहिर फाल्ने गर्थे । इनारलाई सुकाएर त्यसमा पानी आउने मुहानलाई सफा गरिन्थ्यो । फेरी इनारमा स्वच्छ पानी जम्मा हुन्थ्यो । इनारको पानीमा आइरन हुँदैनथ्यो । तर खुल्ला भएको कारण प्रदूषित रहने भएकाले विस्तारै इनार लोप भयो। इनारको स्थानमा पिउने पानीका लागि चापाकल गाड्ने काम भएको छ। जुडशीतलको अर्को महत्व हिलो खेल्ने पनि हो। जुडशीतलमा एकअर्कामाथि हिलो छ्यापेर समाजमा आनन्द लिने गरिन्छ। गर्मीको महिनामा हिलो छ्यापेर खेल्ने खेल पनि जुडशीतलको शीतलतासित जोडिएको छ । जुडशीतलको अवसरमा सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुको तनमन शीतल रहोस् भन्ने शुभकामना ।

कोशीमा संवैधानिक सङ्कट

प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

अतिरुपेन वै अतिगर्वेण रावणः।
अतिदानात् बलिर्बध्दो अति सर्वत्र वर्जयेत ॥

अर्थात, अत्यन्त रूपवति भएकी कारण सीता अपहरित भईन, अति अभिमानको कारण लङ्कापति रावणलाई मर्नु पर्‍यो र राजा बलिले दान दिनमा अति गर्दा सर्वस्वनै दानमा गयो । चाणक्यले नीति पुस्तकको माध्यमबाट रुपवान, शक्तिमान र दानवीर हुनु राम्रो तर, त्यसमा अति नहुन दिन सचेत रहनु पर्छ। नत्र, विपतिको सामनाका साथै ज्यानपनि गुमाउनुपर्ने अवस्था आउन सक्छ। तसर्थ, अति नगरौं, गर्‍यो भने अतिले अन्ततः विनास निम्त्याउँछ नै । नेपालको राजनेताहरुको समाजवाद, प्रजातन्त्र र गणतन्त्रको नाममा जुन किसिमले सत्ताको अति मोह फसेर बलमिच्याँइ गरिरहेका छन् । त्यसले एक न एकदिन गणतन्त्रको लागि अभिशाप बन्न सम्भावनापनि छ।

नेपालमा सत्ताको चरमसुखको परिवन्दमा परेर नेताहरु लोकलाजको पनि ख्याल नगरेको र सत्ताका साथै सम्पतिको सुन्दर जालमा फस्दै रमाउँदै गरेको सर्वसाधारण जनताको आमधारणा छ । रावणजस्तै दलका शीर्ष नेताहरुमा अभिमान चरमोत्कर्ष अवस्थामा पुगेको देखिन्छ । नेपालका जनताले राजा वलिजस्तै 'मतदान' गर्दागर्दै सर्वस्व गुम्ने अवस्थामा पुग्न थालेका छन् । लाखौं युवाहरु विदेशमा मजदुरीगर्न बाध्य हुनुपरेको छ । अव, अधिकांस जनताहरु भन्न थालेका छन् - "नेताजीहरु, अति भो !" अव, मुलुकमा राजनीतिले स्थायित्व ग्रहण गरोस् । यदि, दलका नेताहरु यस्तै, सत्तामा स्थायित्व र कुशल शासन दिन सकेन् भने चाणक्यको उक्त श्लोक चरितार्थ हुनेछ । मुख्य दलका शीर्ष नेताहरुमा "एको अहं द्वितीय नास्ति, न भूतो न भविष्यति ।" अर्थात, म मात्र हुँ, अरु सवै भुठो हो। मजस्तो न कोही आएको थियो, भविष्यमा पनि आउने छैन् । मुलुक सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई अङ्गालेपछि सत्तामा पुग्ना साथ नेताहरुमा 'म नै हुँ' सवैसर्वाको भावना जागृत हुने गरेको देखिएको छ। त्यसपछि, आफ्नो अनुकुल संविधानको उपयोग गर्न अग्रसर हुन्छन् । नेपालमा संसदमा पुगेका दलहरुले सत्ताका लागि गज्जवको रणनीति अपनाउने गर्छन् । त्यसकारणले 'को सत्तापक्ष, को प्रतिपक्ष' छुट्याउन गाह्रो छ । सरकारलाई विश्वासमत पनि दिने अनि प्रतिपक्षमा पनि बस्ने, यस्ता नोंटङ्की नेपालमा मात्रै देख्न सकिन्छ । सत्ता समीकरणमा हेरफेरको भएको खण्डमा सरकारमा प्रवेश हुनमा सहज हुने भएकाले प्रायः सवै दलले सो नीति अपनाएका हुन् । जनतापनि चनाखो भइसकेका छन् । नेताहरुको राजनीतिक गतिविधिलाई नियालिरहेका छन् । तर, नेताहरुमा त्यसको खासै असर परेको देखिँदैन् ।

प्रचण्ड एमालेको समर्थन लिएर प्रधानमन्त्री बन्यो । केही दिनपछि प्रचण्ड विश्वासमत लिँदा उनलाई समर्थन गर्ने दलले विश्वासमत दिनु सामान्य विषय नै हो । तर, जुन दललाई प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्नेमा त्यो दलले पनि विश्वासको मत दिनु आफैमा अनौंठो हो । सत्ताको लागि मुख्य दलका यस्ता कदमलाई अमर्यादित कदम भन्नु पर्छ । यस्ता खेल, प्रदेशका सरकारहरुमा पनि पटक पटक देखिएको छ। आउँदो दिनमा सत्तामा सहभागिताको लागि बाटो तयार पार्नका लागि नै यस्ता नैतिक विहीन कार्य गर्छन् । लोकतन्त्रको जिम्मेवारी आफ्नो काँधमा रहेको घोषणा गर्ने दल काँग्रेसले पनि त्यस किसिमको भूमिका निर्वाह गर्छ भन्ने अन्य दलको विषयमा के भन्नु ? यस्ता खेल प्रदेशहरुमा पनि देखिएका छन् । दलहरुमा सत्ताको मोहको कारण सङ्घीय सरकारमा एक बर्षको अवधिमा तीनपटक समीकरणमा हेरफेर भयो । त्यसको प्रत्यक्ष असर प्रदेशहरुमा पर्नु स्वभाविक हो । केही महिनामैं सरकार परिवर्तन भइरहदा जनताको चाहना र संविधानको मूल भावनामाथि बज्रपात भइरहेपनि दलका शीर्ष नेताहरुलाई सरकारमा सहभागीतालाई पहिलो प्राथमिकतामा राख्ने गरेको छ । सत्ताको विकृत मानसिकताबाट दलहरु ग्रसित भइसकेका छन् । यस्ता क्रियाकलापमा विराम लगाउनका लागि दलका शीर्ष नेताहरुमा नागरिक मञ्चबाट दवाव बनाउनुपर्ने हो । दोश्रोपटक, निर्वाचन सम्पन्न भएको एक बर्षकै अन्तरालमैं प्रमुख दलहरु सङ्घदेखि प्रदेशसम्म एक अर्कालाई धकेल्दै सरकारमा सहभागी वा नेतृत्वदायी भूमिका निर्वाह गर्नमैं तल्लीन रहेको देखिन्छ । प्रचण्ड नेतृत्वको सरकारमा एमाले सहभागी भएपछि अव प्रदेशहरुमा कतै एमाले र कतै माओवादीकेन्द्रको नेतृत्वमा सरकार गठनको खेल जारी छ। यसरी, सरकारफेरिँदा त्यसले राजनीतिक अस्थिरता निम्तुका साथै विकास कार्यसमेत प्रभावित हुने गर्छ । एक बर्षको कार्यकालमा मधेश प्रदेशबाहेक कतै दुई कतै तीनजना मुख्यमन्त्री बनेका छन् । यस्तै, मुख्यमन्त्री हट्ने र फेरिने क्रम जारी रह्यो भने बाँकी बचेको करिव चार बर्षको अवधिमा कुनै न कुनै प्रदेशले एक दर्जन मुख्यमन्त्री पाएर नयाँ इतिहासनै निर्माण गर्नेछ।

कसलाई नैतिकवान भन्ने ?

गण्डकी प्रदेशमा एमालेबाट खगराज अधिकारी मुख्यमन्त्री नियुक्त भएका हुन् । उनले बहुमत पुऱ्याउनका लागि सभामुखको हस्ताक्षर उपयोग गर् यो । अहिले एमालेको नजरमा सभामुखको हस्ताक्षर बैध्य भयो । जतिखेर, काँग्रेस र माओवादी केन्द्रले कोशी प्रदेशमा सभामुखको हस्ताक्षरको उपयोग गरी उद्धव थापालाई मुख्यमन्त्रीमा नियुक्त गराएको थियो । उतिखेर, मुख्यमन्त्रीको नियुक्रिमा सभामुखको हस्ताक्षर नहुनुपर्नेमा सो हस्ताक्षरको विरोधमा एमाले सर्वोच्चमा मुद्धा दायर गरेको थियो । अव, गण्डकी प्रदेशमा सभामुखको हस्ताक्षरको उपयोग गरेर एमालेबाट खगराज अधिकारी मुख्यमन्त्रीको नियूक्त भएको हो । काँग्रेसले गलत बाटो अपनाएर मुख्यमन्त्री बनाएको भन्ने एमालेले ६ महिना नविव्दै त्यस्तै, प्रक्रिया अपनाएका छन् । यसबाट के बुझिन्छ भने, शीर्ष नेताहरु क्षणिक लाभमैं रमाएका छन् । उखिर, एमाले सर्वोच्च पुगेको थियो भने अहिले, काँग्रेस सर्वोच्च पुगेको छ।

मुख्यमन्त्री कार्कीलाई हटाउने संवैधानिक बाटो छ ?

मुख्यमन्त्रीको सन्दर्भमा धारा १६८को उपधारा (५)बमोजिम कुनै सदस्यले प्रदेशसभाको विश्वासमत प्राप्तगर्ने अवस्था भएमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्ने भनेर उल्लेख गरिएको छ । त्यो उपधारामा दलले सरकार बनाउन नसकेको अवस्थामा प्रदेशसभाका कुनै सदस्यको लागि सरकार बनाउनका लागि अन्तिम विकल्पको रुपमा दिएको बुझिन्छ । विश्वको कुनैपनि संसदीय लोकतान्त्रिक व्यवस्था भएको मुलुकमा दलभन्दा माथि उठेर एक स्वतन्त्र सदस्यको हैसियतजस्तै अवस्थामा पुगेर सरकार गठन गर्ने यस्तो संवैधानिक व्यवस्था होलाजस्तो लाग्दैन् । तर, नेपालको संविधानमा त्यस्तो व्यवस्थाले गर्दा दलीय आधारमा सरकार गठन प्रक्रियाको लागि चूनौति नै हो । किनभने, संविधानको उक्त उपदफाको आधारमा कार्की काँग्रेसको सदस्यको रुपमा नभई एक प्रदेशसभा सदस्यको रुपमा गत, असोज २७ गते एमालेका ३९ जना र काँग्रेसका ८ जना गरी ४७ जना बहुमत सदस्यको समर्थनको आधारमा कार्की मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । उनले कात्तिक १ गते विधिवत रुपमा विश्वासमत पाइसके का छन् ।

एमाले, माओवादी केन्द्र, काँग्रेस र जसपासमेतले विश्वासको मत दिएको थियो । एकपटक विश्वासमत पाइसकेपछि अव, संवैधानिक रुपमा दुई बर्षसम्म कार्कीलाई विश्वासमत लिनका लागि कानुनी रुपमा बाध्य पार्न सकिँदैन् । उक्त, दुई बर्षको अवधिमा अविश्वासको प्रस्तावपनि दर्ता हुँदैन् । केही दिनअघि, कार्कीलाई मुख्यमन्त्री बनाउनमा निर्णायक भूमिका निर्वाह गरेका एमालेसहित माओवादीकेन्द्रले उनलाई दिएको विश्वासमत फिर्ता लिएको घोषणा गरेको छ । उनीहरुको नजरमा मुख्यमन्त्री अल्पमत परिसकेको छ । ति दुई दलले बहुमतसहित प्रदेशसभा सदस्य हिक्मत कार्कीको नेतृत्वमा अर्को वैकल्पिक सरकारको नेतृत्व गर्न कोशी प्रदेशमा आवश्यक प्रक्रिया अगाडि बढाउनका प्रदेश प्रमुखसमक्ष निवेदनपनि पेश गरेको छ।

पहिलो त नेपालको संविधानमा मुख्यमन्त्रीलाई हटाउने प्रावधान के छ ? त्यसलाई नियाल्नुपर्छ । संविधानको धारा १६९मा मुख्यमन्त्रीले राजीनामा दिएमा, धारा १८८ बमोजिम विश्वासको मत पारित हुन नसकेकोमा वा अविश्वास प्रस्ताव पारित भएमा र निज प्रदेशसभा सदस्य नरहेको अवस्थामा मात्र हटने संविधानमा व्यवस्था गरिएको छ। सो धाराको तीनवटै उपधारा मुख्यमन्त्री कार्कीमाथि लागू हुँदैन् । अव, अर्कोतर्फ, संविधानको धारा १६६मा प्रदेश प्रमुखको काम, कर्तव्य अधिकारमा स्पष्ट रुपमा के उल्लेख गरिएको छ भने प्रदेश प्रमुखले कर्तव्यको पालन गर्दा संविधान वा कानुनबमोजिम किटानी साथ व्यवस्था भएको कार्यबाहेक मुख्यमन्त्रीको सिफारिसमा गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसआधारमा एमाले र माओवादी केन्द्रले हिक्मत कार्कीलाई मुख्यमन्त्री बनाउनका लागि प्रदेश प्रमुखसमक्ष पेश गरेको निवेदन प्रक्रियामा जाने बाटो संविधानले दिएको देखिँदैन् । व्यवहारिक रुपमा यो सरकार अल्पमतमा छ, तर, संविधानको आधारमा कार्की नेतृत्वको सरकार पूर्ण रुपमा बहुमतमा छ । किनभने, एकपटक विश्वासमत पाइसकेपछि त्यसको प्रभाव दुई बर्षसम्म रहने व्यवस्था संविधानले प्रत्याभूत गरेको छ । कार्कीलाई विश्वासको मत दिने दललाई आफ् नो विश्वासको मत फिर्ताको लागि कमसेकम डेढ बर्षपछि प्रदेशसभामा अविश्वास प्रस्ताव दर्ता गरी सोको पक्षमा मतदान गर्नुपर्छ ।

भारतको संविधानमा मुख्यमन्त्रीलाई समर्थन गरेका दलले लिखित रुपमा राज्यपाल (प्रदेश प्रमुख)समक्ष पत्र पेश गरेपछि राज्यपालले मुख्यमन्त्रीलाई बोलाएर स्पष्ट रुपमा भन्छन्- "तपाईको नेतृत्वको सरकार अल्पमतमा परेको छ, तपाई राजीनामा गर्नु हुन्छ कि संसद्मा विश्वासमत लिनु हुन्छ" यस्तो अवस्थामा चौबीस घण्टाभित्र मुख्यमन्त्रीले दुईमध्ये एउटा बाटो रोज्ने गर्छ । अर्कोतर्फ, राज्यपाललाई मुख्यमन्त्रीलाई बर्खास्तगर्ने विशेषाधिकार पनि छ । भारतको संविधानमा राज्यपाललाई केन्द्रको प्रतिनिधिको रुपमा सशक्त बनाएको छ । सरकारको कामकाजपनि चासो राख्ने अधिकारपनि छ । नेपालको संविधानले राष्ट्रपतिलाई त खासै अधिकार दिएको छैन् भने प्रदेश प्रमुखले के अधिकार पाउने हो ? अव, हेर्नुस ! कोशी प्रदेशमा मुख्यमन्त्री अल्पमत पुगेको छ । प्रदेश प्रमुखसमक्ष निवेदनपनि दर्ता छ । प्रदेश प्रमुखलाई मुख्यमन्त्रीलाई अधिकारिक रुपमा बोलाएर अव के गर्दा उपयुक्त हुन्छ भनेर सामान्य जिज्ञासा राख्ने अधिकारपनि संविधानले दिएको छैन् । व्यवहारिक रुपमा भेटघाट हुनु सामान्य विषय हो । नेपालको संविधानमा एकपटक विश्वासमत पाइसकेपछि दुई बर्ष अविश्वास प्रस्ताव दर्ता गर्न नपाउने नियमले अहिले कोशी प्रदेशमा संवैधानिक सङ्कट उत्पन्न भएको छ । एमाले र माओवादी केन्द्रका सदस्यहरुले प्रदेश प्रमुखसमक्ष विशेष अधिवेशनको माग गरिएपछि प्रदेश प्रमुखले आउँदो वैशाख ६ गते विशेष अधिवेशन बोलाइएको हो । यस सन्दर्भमा गत, मङ् गलवार,नेकपा (एमाले) र माओवादी संसदीय दलको तर्फबाट आयोजित पत्रकार सम्मेलनमा उनीहरुले मुख्यमन्त्री कार्की भद्रतापूर्ण रुपमा प्रस्तुत नभए मत विभाजनको अवस्था हुने चेतावनीसमेत दिँदै अप्ठेरो परिस्थिति उत्पन्न भएमा सङ्कल्प प्रस्ताव पारित गर्ने र उनलाई राजीनामा दिनुपर्ने हुन्छ । उनीहरुले दायाँबाँया भए संसदले ढोका थुनेर निर्णय गर्न सक्छ। यसरी, धम्काएर र थुनेर राजीनामा माग्नुपर्ने अवस्था किन आयो ? किनभने, मुख्यमन्त्री अल्पमतमा परेपनि उनलाई हटाउनका लागि अझै डेढ बर्ष कुर्नुपर्छ । त्यसपछि, अविश्वास प्रस्ताव दर्ता हुन्छ, अनि, हट्ने बाटो खुल्छ। संविधान बनाउनेले किन यस्ता प्रावधान राखे ? यसो हेर्दा, केदार कार्कीले राजीनामा नगरे, उनलाई कुनैपनि वैधानिक तरिकाबाट हटाउन सक्ने अवस्था छ जस्तो लाग्दैन् । हुन त यो मुलुकमा बोलीमैं कानुन छ। उहिले राजा बोल्दा कानुन हुन्थ्यो अचेल, सत्तापक्षीय नेताले बोलेपछि संविधानको दफा उपदफाहरु सोहीअनुरुप सोझिन्छ । अन्तरिम संविधानमा प्रधानमन्त्रीको नियुक्तको प्रावधान रह् दारहदै प्रधानन्याधीशले मुलुक हाकेको छ । यो संविधानमा संरकार गठनको विकल्प रहुन्जेल संसद विघटनको कुनै प्रावधान नहुँदा दुईपटकसम्म संसद् विघटन भएकै हो । तसर्थ, यो मुलुकमा जेपनि हुन सक्छ । तसर्थ, मुख्यमन्त्री कार्की बर्खास्तपनि हुन सक्छ। 'इतिश्री'

'सम्मेलनको भोलिपल्टै लगानीकर्ता बिर्सने अवस्था छ'

राजेश कुमार अग्रबाल

लगानीका दुई वटा पाटो छन्- स्वदेशी र विदेशी । हाम्रो प्राथमिकता स्वदेशी लगानीमै हुनुपर्छ। स्वदेशी लगानी एउटा स्तरमा पुगेपछि मात्रै विदेशी लगानीकर्ताहरू आकर्षित हुने हुन् । लगानीकर्ताले हेर्ने भनेकै स्वदेशी लगानीकर्ताको आकर्षण हो ।

अहिले लगानी सम्मेलन नजिकिएको छ । यसपटक विदेशी लगानीकर्ता मात्र नभई स्वदेशी लगानीकर्ताका लागि समेत हुने आश्वासन सरकारले दिएको छ। सरकारले जुन आयोजना 'शोकेस' गर्छ, त्यसमा स्वदेशी लगानीकर्ता इच्छुक छन् भने उसका लागि समेत ढोका खुला हुनेछ। विदेशी लगानीकर्ता त छँदैछन् ।

नेपालले यसअघि दुई वटा लगानी सम्मेलन गरिसकेको छ। लगानी सम्मेलन गरेको भोलिपल्टै लगानी आइहाल्छ भन्ने होइन । यसमा हामी स्पष्ट हुनुपर्छ। लगानी सम्मेलन भनेको लगानीकर्तालाई बोलाएर हाम्रो सम्भावनाका क्षेत्र देखाउने हो । हाम्रो कानूनी सुधारबारे जानकारी गराउने हो ।

एक प्रकारले यो मार्केटिङ समेत हो । लगानीकर्ताले परियोजनाहरू समेत हेर्छन्, आफ्नो जिज्ञासा समेत मेट्छन्, नियम-कानुन, कम्पनी दर्ताको प्रक्रिया बारेमा बुझ्न सक्छन् । त्यसकारण लगानी सम्मेलन हुँदैमा लगानी आइहाल्छ भन्ने नसोचौं ।

लगानी सम्मेलन गऱ्यो, त्यसको भोलिपल्टदेखि बिर्सिएर बस्यो भने केही पनि प्रगति हुँदैन। हामीले लगानीकर्तालाई निमन्त्रणा पठाएका छौं। लगानी सम्मेलनपछि सहभागीहरूलाई पुनः 'फलोअप' गर्न लाग्नुपर्छ। विभिन्न माध्यमबाट उनीहरूसँग निरन्तर सम्पर्क बनाइराख्नुपर्छ।

यसपटक ११०० पाहुनालाई निमन्त्रणा गएको छ। ७/८ सय जना त सहभागी हुन्छन् । उनीहरूलाई अहिले नै शोकेसमा राख्ने परियोजनाहरूको विस्तृत जानकारीहरू पठाउन सक्छौं । त्यसो गर्न सकियो भने उनीहरूले एक प्रकारको मानसिकता बनाउन सक्छन् । त्यसो गर्न सके एकदमै राम्रो । त्यसो गर्न सकिएन भने पनि उनीहरू आइसकेपछि, फर्केपछि फलोअपमा लाग्नुपर्छ । कम्तीमा एउटा धन्यवाद इमेलसम्म त हामी पठाउन सक्छौं ।

लगानीकर्तासँग पैसा छ, उनीहरू विश्वभर घुमिरहेका हुन्छन् । हाम्रो निरन्तर सम्पर्क भइसकेपछि उनीहरू पुनः थप बुझ्न नेपाल आउन सक्छन् । ७/८ सय जनामध्ये ५० जनाले मात्रै पनि कुनै परियोजनामा इच्छा देखाएर इमेल लेख्यो भने लगानी बोर्डले कुनै कर्मचारीलाई जिम्मेवारी नै तोकेर त्यसमा खटाउन सक्छ ।

फलोअप गर्न कुनै कर्मचारीलाई तोकियो भने त्यस परियोजनासँग सम्बन्धित सबै प्रक्रिया सोही व्यक्तिबाटै सहजीकरण गराउन सक्नुपर्छ। ५० जनाले इच्छा देखाए भने ती सबैको लगानी आउँछ भन्ने पनि छैन । त्यसबाट १० वटा मात्रै कार्यान्वयनको चरणमा आए भने पनि त्यो नेपालका लागि ठूलो उपलब्धि हुन्छ । त्यसकारण लगानी सम्मेलन पछिको फलोअप महत्वपूर्ण हुन्छ ।

अघिल्ला दुई लगानी सम्मेलन र अहिलेको लगानी सम्मेलनको एउटा महत्वपूर्ण फरक निजी क्षेत्रको सहभागिता हो । अघिल्ला दुई लगानी सम्मेलनमा निजी क्षेत्रलाई सहभागी गराइएको थिएन । अर्को समस्या नेतृत्व कसले गर्ने भन्नेबारे सरकार भित्रै विवाद देखिने गर्छ । अर्थ मन्त्रालय मुख्य आयोजक कि उद्योग मन्त्रालय भन्नेबारे बढी विवाद देखिन्छ ।

यस पटक निजी क्षेत्रलाई सुरुवातबाटै आयोजक कमिटीहरूमा संलग्न बनाइएको छ । मन्त्रालयहरू, लगानी बोर्ड र निजी क्षेत्रबीच नजिकमा रहेर काम भइरहेको छ । सँगै काम गर्दा लगानी सम्मेलनका दौरान नेपालमा लगानी गर्न के समस्या छ भन्नेबारे सरकारलाई हामी सीधा जानकारी गराउन सक्छौं ।

अघिल्लो सम्मेलनमा सम्मेलन त भयो तर, निजी क्षेत्रले के अप्ठ्यारो भोगिरहेको छ, त्यो कसैले सोधेन र भनेन पनि । सोही कारण अब हामीलाई पनि अपनत्व भइसकेको छ । लगानी सम्मेलन सफल बनाउन निजी क्षेत्र पूर्ण कटिबद्ध भएर लागेको छ ।

लगानी सम्मेलनको तयारीका लागि कम समय उपलब्ध हुनु र बीचमा दलहरूको गठबन्धन परिवर्तन भएर मन्त्रीहरू नयाँ आउने प्रक्रियाले समेत तयारीका काममा केही प्रभाव परेको छ । सोही कारण अब पर्याप्त समय दिएर लगानी सम्मेलन आयोजना होस् भन्ने उद्देश्यले अर्को लगानी सम्मेलनको मिति यसै पटक नै तोकेर जाने तयारी समेत गरिएको छ ।

त्यसो हुनसक्यो भने पुरानो लगानी सम्मेलनको समीक्षा गर्दै, नयाँ लगानी सम्मेलनको आयोजनामा जुट्न सहज हुनेछ । लगानी सम्मेलनपछि लगानी नै भित्रन सके त त्यो निकै राम्रो भयो । त्यसो हुन नसके पनि हामी लगानीकर्ताको स्वागतमा आतुर छौं भन्ने सन्देश दिन सके पनि हाम्रो लागि सफलता हुनेछ ।

नेपाल उद्योग परिसंघले नेपालमा लगानी भित्र्याउन कुन कुन कानुनमा संशोधन आवश्यक छ भन्ने बारे सरकारलाई एउटा सूची नै बुझाइसकेको छ । ती सबै कानुनमा तत्काल संशोधन सम्भव छैन । तर, सरकारले एक दर्जन कानुनमा संशोधन गर्न प्रक्रिया थालिसकेको छ ।

सरकारसँग हाम्रो छलफल हुँदा गर्न सकिने, आवश्यक कानुनहरू तत्काल संशोधन गरौं भन्ने सल्लाह भएको हो । सरकारले संशोधन गर्न लागेका कानुनहरूमा हाम्रो पनि सुझाव समेटिएको छ । त्यसकारण यो एउटा संयुक्त दस्तावेज हो भन्दा फरक नपर्ला ।

हाम्रोमा लगानी प्रतिबद्धता र प्राप्तिका बीच केही अन्तर देखिन्छ । यसमा पनि केही बुझ्नु जरूरी छ । कुनै लगानीकर्ताले १ अर्ब रुपैयाँ लगानी प्रतिबद्धता गऱ्यो भने सोही वर्ष सो सबै रकम आउँछ भन्ने होइन । आयोजना, कार्यक्रम कार्यान्वयनको निश्चित अवधि हुन्छ । सो समयभित्र त्यो लगानी भित्रने हो । पहिलो वर्ष ५ करोड मात्रै खर्च भयो भने १ अर्ब लगानी प्रतिबद्धता आएकोमा ५ करोड मात्र भित्रियो भनेर हामी बुझ्छौं । यो हाम्रो बुझाइमा परिवर्तन ल्याउनु आवश्यक छ ।

नेपालमा लगानीका जति पनि प्रक्रिया छन्, यो सबै ठोकिने उद्योग मन्त्रालय, विभाग र यस मातहतका कार्यालयहरूमा नै हो। यी निकाय बढी दक्ष, झन्झटरहित र स्मार्ट हुनुपर्छ। फलोअपमा पनि यी निकायको भूमिका बढी हुन्छ।

लगानी सम्मेलन बाहेकको समयमा पनि कुनै लगानीकर्ताले उद्योग दर्ता गऱ्यो तर पछि ऊ आएन भने हामी उसलाई फलोअपमा जाने गर्दैनौं । उसलाई के समस्या परेको छ, ऊ के चाहन्छ वा किन आउन चाहिरहेको छैन भन्ने बुझेर हाम्रा कमजोरी छन् भने त्यसलाई सल्ट्याउने बारे हामीले कहिल्यै पनि विमर्श गरेनौं । कहिलेकाहीं सरकारको एक निकायले अनुमति दिएर अर्को निकायले रोकेर राखेको हुनसक्छ । यो बेला सहजीकरण गर्ने काम कसैले पनि गरेको पाइन्न ।

निजी क्षेत्रको ठूलो प्रयास र सरकारको सहमतिमा उद्योग विभागमा एकद्वार प्रणाली सुरु भयो । तर, यसको कार्यान्वयन प्रभावकारी हुनसकेको छैन । लगानी भित्र्याउने कडीका रूपमा यसको सफलता जोडिन्छ ।

एकद्वार प्रणालीको उद्देश्य उद्योग विभागमा गएर जब एक लगानीकर्ता जोडिन्छ, उसलाई नेपाल सरकारका सबै निकायको सेवा एउटै ढोकाभित्र उपलब्ध गराउनु हो। यो स्टेशन त बनाइयो, तर लगानीकर्ता आफ्नो फाइल बोकेर आफैं छुट्टाछुट्टै मन्त्रालयको ढोकामा धाउनु परेको छ। यसमा सुधार गर्नु जरूरी छ।

नेपाल आर्थिक मन्दीको चक्रबाट गुज्रिरहेको समयमा लगानी सम्मेलनलाई लिएर निजी क्षेत्र उत्साहित छ। यसले सकारात्मक शक्ति प्रदान गर्नेछ। सम्मेलनमा ८०० जना मात्रै सहभागिता गराउन सकेमा वा त्यसबाट कम्तीमा १० वटा मात्र लगानीकर्तालाई वास्तवमै भित्र्याउन सके नेपालका लागि ठूलो उपलब्धि हुनेछ। सम्मेलनमा सहभागीले नेपाल देख्छन्, पर्यटन बजार विस्तार हुन्छ, यसले समग्रमा अर्थतन्त्र चलायमान हुन्छ। अलिकति निराशाको माहोलमा यसले केही न केही आशाको सञ्चार पक्कै ल्याउने छ।

लगानीकर्ताले जहिले पनि नीतिगत स्थिरता खोजेको हुन्छ। यो स्वदेशी वा विदेशी सबैको हकमा लागू हुन्छ। यसमा सरकारले दिने भनेर प्रतिबद्धता जनाएको सुविधा, भन्सार छुट, भ्याट वा कर कुनै पनि प्रकारको सुविधामा स्थिरता आउनुपर्छ। राजस्वमा चाप परेको वर्ष हटाइदिने, घटाइदिने गर्न थालियो भने त्यसले लगानीकर्तामा निराशा पैदा गर्छ।

अस्थिर नीतिमा लगानीकर्ता उत्साहित हुँदैनन् । अर्कोतर्फ तीन तहका सरकार र तीनवटै तहमा लिइने कर समेत अर्को समस्या हो । केन्द्रमा सरकारले एकमुष्ट कर लिएर त्यसलाई प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्न सके लगानीकर्तालाई दोहोरो, तेहरो करको मार पर्ने थिएन ।

उपनिर्वाचनः मतदाता फकाउँदै उम्मेद्वार

इलाम । इलाम-२ मा आगामी वैशाख १५ गते प्रतिनिधिसभा सदस्यका हुन लागेको उपनिर्वाचनमा उम्मेदवार हरुले सक्रियता बढाएका छन् । उम्मेदवारहरु विभिन्न मुद्धा लिएर मतदाताका घरघरसम्म पुगेका छन् । उपनिर्वाचन नजिकिएसँगै उम्मेदवार प्रचारप्रसारलाई तीव्रता दिएका छन् ।

यस निर्वाचन क्षेत्रमा १२ राजनीतिक दल र सात स्वतन्त्र गरी १९ उम्मेदवार चुनावी मैदानमा छन् । उनीहरु विभिन्न आश्वासन बाँड्दै मतदातामाझ पुगिरहेका छन्। उनीहरुले मतदाता तान्न विभिन्न भेला, गोष्ठी, सभा र घरदैलो गरिरहेका छन् । भौगोलिक रुपमा विकटभएपनि उम्मेदवारहरु घरघरमा आइपुगेको देख्दा मतदाताहरु मख्ख छन् । उम्मेदवार टोलटोलमा आफ्नो घोषणापत्र र प्रतिबद्धतापत्र बाँडिरहेका छन् ।

विसं २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा सो क्षेत्रबाट नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदावर सुवासचन्द्र नेम्वाङ विजयी हुनुभएको थियो । उहाँको गत भदौ २६ गते निधन भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । एकमात्र क्षेत्रमा निर्वाचन हुन लागेपनि देशभरका राजनीतिक सरोकारवालाहरुको ध्यान यतिबेला इलाम-२ मा खिचिएको छ । यो उपनिर्वाचन पुराना र नयाँ दलहरुको शक्ति परीक्षणको प्रयोगशाला बन्ने भएकाले निकै चासोका साथ हेरिएको छ ।

इलाम-२ मा ठूलासाना दल र स्वतन्त्रबाट १९ को उम्मेदवार रहे पनि एमालेका सुहाङ नेम्बाङ, कांग्रेसका डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मिलन लिम्बू र स्वतन्त्र उम्मेद्वार डकेन्द्रसिंह लिम्बू थेगिमको चर्चा चुलिएको छ ।एमालेका नेम्बाङलाई सत्ता गठबन्धनमा रहेका दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सहित नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा र नेपाल परिवार दलको समर्थन छ । राम्रो सङ्गठन र जनाधार भएकाले एमाले निकै बलियो मानिन्छ ।

उम्मेदवार नेम्बाङले आफू एमालेको मात्र नभई चार दलको साझा उम्मेदवार भएकाले विजय निश्चित रहेको दाबी गर्नुहुन्छ । "म एक्लै चुनाव लडिरहेको छैन, चार दल र साथमा यहाँका जनताको पनि साथ छ", उहाँले भन्नुभयो, "मेरो बाबु स्वर्गीय सुवासचन्द्र नेम्वाङको अधुरो कामलाई पूरा गराउनका लागि पनि यहाँका जनताले जिताउनुहुन्छ भन्नेमा विश्वस्त छु ।" उहाँले गाउँगाउँका मतदातामाझ पुगेर आफ्ना आवश्यकता, समस्या, चाहनालाई आफू र पार्टीले पूरा गर्नुपर्ने जिम्मेवारी कागजमा टिपाइदिन अपिल समेत गर्दै आउनुभएको छ ।

सो क्षेत्रमा अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा एमालेका सुवासचन्द्र नेम्बाङ एक्लैले ३० हजार २० मत ल्याएर निर्वाचित हुनुभएको थियो । सो निर्वाचनमा समानुपातिकमा एमालेले २६ हजार पाँच सय ६२ र माओवादी केन्द्रले पाँच हजार एक सय ५३ मत प्राप्त गरेका थिए ।

विसं २०७९ को निर्वाचनमा एमाले उम्मेदवार सुवासचन्द्र नेम्वाङसँग एक सय १४ मतको झिनो अन्तरले पराजित कांग्रेस जिल्ला सभापति समेत रहनुभएका खड्का यसपटक जितको खोजीमा हुनुहुन्छ । उहाँ कार्यकर्ता भेटघाट, अन्तरक्रिया तथा घरदैलोमा व्यस्त हुनुहुन्छ । "विगत लामो समयदेखि यस क्षेत्रमा एकैजनाले मात्र जित्नुभयो । यस क्षेत्रको विकास गर्न मैले जित्नैपर्छ", खड्काले भन्नुभयो, 'म यहाँको प्रतिनिधि नभएपनि यस क्षेत्रका गरिब, असहाय, वृद्धवृद्धा तथा युवाहरुका लागि थुप्रै राम्रा कामहरु गरेको छु, त्यसैले यहाँका मतदातासँग मेरो पनि गठबन्धन छ, यसपटक यहाँका जनताले चुनाव जिताउनुहुन्छ भन्नेमा म ढुक्क छु ।"

नेम्वाङले ३० हजार २० मत ल्याउँदा खड्काले २९ हजार नौ सय मत प्राप्त गर्नुभएको थियो । तर सो मत कांग्रेस एक्लैको नभएर तत्कालीन गठबन्धन दल माओवादी

केन्द्र र एकीकृत समाजवादीको समेत थियो । कांग्रेसले त्यतिबेला समानुपातिकमा २२ हजार तीन सय ३३ मत पाएको थियो । त्यसैगरी पत्रकारिता छाडेर राजनीतिक दलमा आवद्ध भइ निर्वाचनमा होमिनुभएका रास्वपाका उम्मेद्वार लिम्बूले पनि चुनावी प्रचारप्रसार तीव्र बनाउनुभएको छ । आफूलाई इलामको अर्ग्यानिक उम्मेदवारका रुपमा प्रचारप्रचार गर्दै आउनुभएका लिम्बूले यसपटक चामत्कारिक रुपमा मत परिवर्तन गर्ने दाबी गर्नुहुन्छ ।

"अधिकतर मतादाता हाम्रो अभियानमा जोडिरहनुभएको छ", उहाँले भन्नुभयो, "यस पटकको उपनिर्वाचनमा इलामेली मतदाताले चमत्कार गर्दैछन्, धेरैलाई विश्वास छैन तर हाम्रो झण्डा फहरिनेछ ।" रास्वपाले अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट प्रत्यक्षमा एक हजार तीन सय ८० मत र समानुपातिकमा चार हजार छ सय ८६ मत पाएको थियो ।

पहिचानवादी ४१ घटकका उम्मेद्वार डकेन्द्रसिंह लिम्बू थेगिमले समेत आफ्नो प्रचारप्रसार तीव्र बनाउनुभएको छ । थेगिमले सङ्घीयतालाई बलियो बनाउँदै पहिचान, समान अधिकार, शान्ति र दीगो विकासको अजेण्डा लिएर मतदातामाझ पुगिरहनुभएको छ । "पहिचान पक्षधर उम्मेदवार पनि भएकाले यसपटक मतदाताहरु उत्साही भएको पाइएको छ", उहाँले भन्नुभयो, "विगतमा पहिचान पक्षधरलाई दलहरुले धोका दिएका छन्, यसपटक आफ्नै उम्मेदावर भएपछि उहाँहरु खुसी हुनुहुन्छ ।"

'मुढा' चुनाव चिन्ह पाउनुभएका उहाँलाई सत्ता साझेदारी दल जनता समाजवादी पार्टीसहित पहिचानवादी दलहरु राष्ट्रिय जनमुक्ति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी तथा किरात याक्थुङ चम्लुङ, किरात राई यायोख्खालगायत सामाजिक संघसंस्था र किरात धर्मगुरु आत्मानन्द लिङदेनको समेत समर्थन छ ।

बलिया मानिएका यी चारैजना उम्मेदवारहरु एक अर्कालाई रोकेर आफू प्रतिनिधिसभामा प्रवेश गर्ने रणनीतिमा हुनुहुन्छ । यी बाहेक सो क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का जितबहादुर राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मङ्गोल नेशनल अर्गनाइजेशनका मीनबहादुर लिम्बू, नेशनल रिपब्लिक नेपालका धनराज राना मगर, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयन्त्रविक्रम शाह, राष्ट्रिय प्रजातन्त्र पार्टीका गणेशबहादुर चौहान, नेपाली जनता दलका रेशमबहादुर सुनार नेपाली समेत चुनावी प्रचारमा लाग्नुभएको छ ।

त्यस्तै स्वतन्त्र उम्मेदवारहरु डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार शाही, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्याल र उहाँहरुको टोलि अहिले मत माग्दै गाउँगाउँमा पुगिरहेका छन् । यस क्षेत्रमा चुलाचुली गाउँपालिका, माडसेबुङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका पुरै तथा इलाम नगरपालिका (१० वडा बाहेक), देउमाई नगरपालिका, माई नगरपालिकाका ६, ७ र ८ वडा गरी ४२ वटा वडा समेटिएका छन् । निर्वाचन आयोगले उम्मेदवार हरुलाई गत चैत २८ देखि वैशाख १२ गते सम्मका लागि चुनावी प्रचारप्रसारका अवधि तोकिदिएको छ । यो क्षेत्रमा एक लाख १५ हजार तीन सय ४२ मतदाता छन् ।रासस

कलेजो प्रत्यारोपणदेखि चिकित्सा शिक्षा आयोगको प्रतिवेदनसम्म

काठमाण्डु । २०८० को वर्षान्ततिर चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक भयो । यसअघि सरकारले सार्वजनिक नगरेको प्रतिवेदन छ वर्षपछि शिक्षामन्त्री सुमना श्रेष्ठले सार्वजनिक गर्नुभएको हो । चिकित्सा शिक्षाअन्तर्गत भर्ना, सम्बन्धन, शुल्क र गुणस्तरका विषयमा अनियमितता छानबिन गर्न सरकारले २०७४ वैशाख ४ मा आयोग गठन गरेको थियो । आयोगले ४२ जनालाई कारबाही सिफारिस गरेको छ ।

योसहित २०८० मा स्वास्थ्य क्षेत्रमा धेरै उपलब्धि देखिएका छन्, यद्यपि सुधार गनुपर्ने उत्तिकै छन् । स्वास्थ्य क्षेत्रको अर्को उपलब्धि भनेको क्यान्सर रोगको उपचारका लागि निःशुल्क औषधिबारे सहमति हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र सेन्ट ज्यूड चिल्ड्रेन रिसर्च इन्सिच्युटबीच बालबालिकामा हुने क्यान्सरको औषधि उपलब्ध गराउने सहमति भएको छ । सहमतिअनुसार आगामी चार वर्षसम्म ३५ प्रकारका औषधि निःशुल्क दिइने भएको छ । नेपालमा हरेक वर्ष करिब नौ सय बालबालिकामा क्यान्सर पहिचान हुने गर्छ, जसमा सीमितले मात्र उपचार पाउने गरेका छन् । चिकित्सकका अनुसार नेपालमा बालबालिकालाई रगत, आँखा, कलेजो, हड्डी र मांसपेशीको क्यान्सर बढी हुने गरेको छ ।

सरकारले पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ'को दायरा बढाउन नसके पनि यो वर्ष नेपालमा ११ प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सर पहिचान 'स्क्रिनिङ' गरिएको छ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन ३० देखि ४९ वर्ष उमेर समूहका महिलामा 'स्क्रिनिङ' गर्ने कार्यक्रम सरकारको प्राथमिकतामा छ । ढिलै भए पनि पाठेघरको मुखको क्यान्सर हुने जोखिमलाई घटाउन एचपिभी खोप सरकारले यो वर्षदेखि लगाउन थालेको छ । पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'पाइलटिङ' भदौ २७ गते परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथलीबाट सुरु भयो । सरकारले १४ वर्ष पुगेका र १५ वर्ष ननाघेका किशोरीलाई लक्षित गरी खोप दिने योजना ल्याएको थियो । खोप थोरै भएकाले यो वर्ष सात जिल्लामा मात्र दिइएको छ । आगामी वर्ष देशैभरिका किशोरीलाई खोप दिइने सरकारको योजना छ ।

जटिल मानिने शल्यक्रियाको रुपमा कलेजो प्रत्यारोपण पनि पर्दछ । नेपालमा विसं २०७३ यता नेपालमै कलेजो प्रत्यारोपण सुरु भए पनि विदेशी विज्ञहरुकै भरमा शल्यक्रिया गर्नुपर्ने बाध्यता थियो । अब त्यो अवस्था रहेन । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा नेपालमै पहिलोपटक नेपाली चिकित्सककै अगुवाइमा कलेजो प्रत्यारोपण गरिएको छ । कलेजो प्रत्यारोपण सर्जन डा रमेशसिंह भण्डारीको नेतृत्वमा २७ पुसमा नुवाकोटका ४१ वर्षीय पुरुषको कलेजो प्रत्यारोपण गरिएको हो ।

वयस्कमा मात्र होइन मानसिक समस्याको भुक्तभोगी किशोरकिशोरी भइरहेका छन् । नेपालमा हेर्ने हो भने मानसिक स्वास्थ्यको उपचारका लागि सरकारीस्तरमा धेरै सेवा उपलब्ध छैनन् । त्यसमाथि किशोरकिशोरी लक्षित उपचार सेवा एकदम कम छन् । कान्तिबाल अस्पतालबाहेक सरकारीतहमात्योसुविधानभएकाले यही वर्षदेखि मानसिक अस्पताल लगनखेलमा 'किशोरकिशोरी मानसिक स्वास्थ्य एकाइ' सुरु भएको छ । बढ्दो मानसिक समस्यालाई हल गर्न पक्कै यो प्रयास सार्थक हुनेछ ।

देशकै एकमात्र प्रसूति सेवासम्बन्धी रिफरल अस्पताल परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल कुपण्डोलस्थित नयाँ भवन यो वर्षदेखि सञ्चालनमा आएको छ । बिरामीको बढ्दो चापले सेवा दिन कठिनाइ भएका बेला भवन विस्तारले सहजता पाउने देखिन्छ । पाँच तले भवनमा आइभिएफ सेवा, सुरक्षित गर्भपतन सेवा, पाठेघरको क्यान्सरको जाँचलगायतका सुविधा प्रदान गरिने भएको छ ।

स्वास्थ्य सेवा विभागको तथ्याङ्कअनुसार पछिल्लो वर्ष देशभर ७६ हजारभन्दा बढी मानिस जलनबाट प्रभावित भएका छन् । संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलनको उपचारका लागि वीर अस्पताल, शिक्षण अस्पताल र पाटन अस्पतालमा जलन युनिट स्थापना गरी सेवा विस्तार गर्ने बताउनुभएको छ । उपचार एकदम खर्चिलो र सबै ठाउँमा उपचार सुविधा नहुँदा धेरैले अनाहकमा ज्यान गुमाउनु परेको छ ।

सुधार गर्नुपर्ने पाटो

गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विश्व स्वास्थ्य सङ्गठनको मान्यताअनुसार कूल बजेटको १० प्रतिशत स्वास्थ्यका लागि बजेट छुट्याउनुपर्छ तर हाल बजेटको आकार हेर्ने हो भने स्वास्थ्य क्षेत्रलाई यो वर्ष ४ दशमलव ८ प्रतिशत मात्र विनियोजन गरिएको छ । स्वास्थ्यका सूचकलाई सुधार गर्ने हो भने बजेटको आकार बढाउनैपर्छ ।

आधारभूत अस्पताल निर्माणमा ढिलाई

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मङ्सिर १५ मा तीन सय ९६ स्थानीय तहमा आधारभूत अस्पतालको शिलान्यास गर्नुभएको थियो । पहिलो चरणको अस्पताल निर्माण भइसकेका थिएनन् । त्यति नै बेला सरकारले थप दुई सय ५९ तहमा अस्पताल निर्माणको निर्णय लियो । दुई वर्षभित्र निर्माण कार्य सक्ने सरकारको लक्ष्य भए पनि शिलान्यास गरिएका अधिकांशको काम पूरा भएका छैनन् ।

सुधारोन्मुख स्वास्थ्य बीमा

२०७८ साल चैत २५ गते कैलालीबाट सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम अहिले देशका ७७ वटै जिल्लामा पुगेको छ । काठमाडौं उपत्यकाको एउटा स्थानीय तह (बूढानीलकण्ठ नगरपालिका) मा छिट्टै लागू गरिने बीमा बोर्डको योजना छ ।

स्तरीय स्वास्थ्य सेवालाई जनताको पहुँचसम्म पुऱ्याउन सुरु गरिएको बीमा कार्यक्रम सुधारोन्मुख छ । यो वर्ष केही नियम परिमार्जन भएका छन् । स्वास्थ्य बीमामा आबद्ध भइ वर्षभरिमा त्यसबाट उपचार सुविधा प्रयोग नगरेका बीमितले अर्को वर्ष नवीकरण गर्दा लाग्ने शुल्कमा १० प्रतिशत छुट पाउने नियम छ । नियमावली भए पनि यसको कार्यान्वयन हुन सकेको छैन ।

त्यसैगरी बीमित सदस्यले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएका निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्न जाँदा २० प्रतिशत सहभुक्तानी (को पेमेन्ट) तिर्नुपर्ने भएको छ । बीमा बोर्डले सरकारीमा १० प्रतिशत र निजी तथा सामुदायिक अस्पतालमा उपचार गराउनेले २० प्रतिशत सहभुक्तानी गर्ने निर्णय गरेको हो ।

त्यसैगरी बीमा बोर्डले बीमाअन्तर्गत रहेको ओपिडी र आकस्मिक शुल्क परिमार्जन गरेको छ । बीमितले ओपिडीमा रु ५० र आकस्मिक सेवाको टिकटका लागि रु सय तिर्नुपर्नेछ । यसअघि ओपिडीमा रु दुई सय र आकस्मिक सेवामा रु चार सय शुल्क तोकिएको थियो । बोर्डको तथ्याङ्कअनुसार कूल बीमित परिवार संख्या २३ लाख ९२ हजार छ सय ७६ अर्थात् ३५ दशमलव ८८ रहेका छन् । बीमित जनसंख्या ७७ लाख ४१ हजार चार सय ८३ जना छन् । नवीकरण नगर्ने बीमित संख्या भने ४८ लाख आठ हजार सात सय ६० जना छन् ।

खोपमा बालबालिकाको पहुच बढाउदै लानुपर्ने

नेपाल जनसाङ्ख्यिक सर्वेक्षण २०२२ का अनुसार १६ प्रतिशत बालबालिका पूर्ण खोपबाट वञ्चित छन् । चार प्रतिशत बच्चाले शून्य डोज पनि लगाएका छैनन् । सन् २०२३ मा नेपाललाई दादुरा रुबेलामुक्त घोषणा गर्ने नेपाल सरकारको लक्ष्य थियो तर यो वर्ष पनि विभिन्न जिल्लामा दादुराको 'आउट ब्रेक' भएको देखिन्छ ।

विश्व स्वास्थ्य सङ्गठनले गुणस्तरीय स्वास्थ्य सेवा र दिगो सुधारको लागि कूल बजेटको कम्तीमा १० प्रतिशत बजेट छुट्याउनुपर्ने थियो तर यो वर्ष ४ दशमलव ९२ प्रतिशत छुट्याएको अवस्था छ । स्वास्थ्य सूचकमा उल्लेखनीय प्रगति गर्न राज्यको लगानी बढाउनुपर्ने देखिन्छ । केही सूचकमा सुधार देखिन्छ ।

विगतको तुलनामा मातृ मृत्युमा सुधार हुँदै गइरहेको छ । राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहिलोपटक मातृ मृत्युसम्बन्धी अध्ययन गरेको थियो । उक्त अध्ययनले नेपालमा एक लाख जीवित जन्ममा एक सय ५१ जना आमाको मृत्यु देखिएको थियो । विश्वव्यापी लक्ष्यअनुरूप नेपालले २०३० सम्ममा प्रतिएक लाख जीवित जन्ममा मातृमृत्यु ७० पुऱ्याउने प्रतिबद्धता जनाएको छ । लक्ष्य भेट्न भने कठिन देखिन्छ ।

नेपालको संविधानले 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने' भनेको छ । तर अहिलेसम्म आधार भूत स्वास्थ्य सेवा के हो र कहाँ पाइन्छ भन्ने जानकारी जनताले पाउन सकेका छैनन् । गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँचमा नेपालको कभरेज ५४ प्रतिशत छ जुन ८० प्रतिशत पुग्नुपर्ने हो । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दोस्रो पटक बागडोर सम्हालिरहनुभएको छ । स्वास्थ्य बीमालाई व्यवस्थित बनाउनु, आधारभूत स्वास्थ्य सेवालाई पहुँचमा पुऱ्याउनु, आधारभूत अस्पतालको गतिलाई बढाउनुपर्ने चुनौती उहाँको काँधमा छ ।

झण्डै चार सय वर्ष पहिले स्थापना भएको सिंहदरबार वैद्यखाना र नेपाल औषधि लिमिटेडको उत्पादन बढाउनुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रका जनशक्ति भारी मात्रामा पलायन हुँदा दरबन्दी सिर्जना गरी दक्ष जनशक्ति टिकाउनु मुख्य विषय बनेको छ ।

स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउने, डेङ्गी नियन्त्रण, स्वास्थ्य जनशक्तिको उत्पादन र उपयोगबीच तादम्यता, गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि, खोपको कभरेज बढाउन लक्षित कार्यक्रम, मानसिक रोग तथा नसर्ने रोगको रोकथाम तथा नियन्त्रण अबको प्राथमिकतामा हुनुपर्छ ।रासस

> "जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दोस्रो पटक बागडोर सम्हालिरहनुभएको छ ।

वामपन्थी शक्तिबीच एकताको खाँचो रहेको खनालको भनाई

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एसका नेता झलनाथ खनालले मुलुकको अवस्था परिवर्तनका लागि वामपन्थी शक्तिबीच एकताको खाँचो रहेको बताएका छन् ।

नयाँ वर्षको अवसरमा देश तथा प्रवासमा रहेका सम्पूर्ण नेपालीको अग्रगति र प्रगतिका लागि शुभकामना सन्देश जारी गर्दै शान्ति, विकास, स्वतन्त्रता, समाजवाद र समृद्धिका निम्ति समाजवादी क्रान्ति र रूपान्तरणको युगबाट मुलुकलाई अगाडि लैजान वामपन्थी शक्तिहरू एकापसमा समन्वय गरी देशको परिस्थितिलाई दृष्टिगत गर्दै कम्युनिष्ट आन्दोलनलाई सकारात्मक दिशामा अघि बढाउनुपर्नेमा उनले जोड दिएका छन् ।

नेता खनालले मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राष्ट्रियताको क्षेत्र सङ्कटग्रस्त बन्दै गएको अवस्थामा जनता र राष्ट्रका साझा सवालमा सबै एकताबद्ध भएर वर्तमान गठबन्धनको संयुक्त सरकारमा सहभागिता जनाउनु राजनीतिक विकासक्रमको एउटा सकारात्मक पक्षका रूपमा हुने उल्लेख गर्दै मुलुकमा अस्थिरता, दिशाहीनता र अकर्मण्यताको अन्त्य गर्न बामपन्थी शक्ति विच एकता आवश्यक रहेको बताए ।

"जनता र राष्ट्रका ज्वलन्त सवालहरूको समाधानका लागि भूमि सुधार र कृषि क्रान्तिलाई अघि बढाउनुपर्ने, मुलुकलाई औद्योगीकरणको दिशामा अघि बढाउन सक्नुपर्छ, भ्रष्टाचारलाई अन्त्य गर्नुपर्छ", नेता खनालले उनले भने, "सबै वामपन्थी समूहहरूमा 'म ठूलो, म बलियो र मैले सबै कुरा पाउनुपर्छ' भन्ने दम्भ र घमण्डबाट मुक्त हुनुपर्छ । सबैका बीच समानता र सम्मानका साथ साझा आधारमा एकताबद्ध बन्न र बनाउन सक्नुपर्छ ।"

उनले मूल्यवृद्धि र महँगी नियन्त्रण, देशभित्रै रोजगारीका अवसर सर्जना गर्दै युवाको विदेश पलायनलाई रोक्ने, शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन गरी मुलुकको विकास निर्माणको प्रक्रियालाई तीव्र बनाउन समाजवादको आधारलाई फराकिलो बनाएर जनतामा आशावादको सञ्चार गर्नुपर्नेमा जोड दिए ।

'समाजवादको आधार तयार पार्न समाजवादी संस्कृति आधारभूत शर्त'

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादको आधार तयार पार्न सांस्कृतिक रुपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत शर्त भएका बताएका छन् ।

नयाँ वर्ष २०८१ का अवसरमा सांस्कृतिक संस्थानले शनिबार आयोजना गरेको 'शुभारम्भ सांस्कृतिक साँझ-२०८१'लाई सम्बोधन गर्दै उनले समाजवादीको संस्कृति निर्माणको पक्षमा सम्पूर्ण देशभक्त एवं प्रगतिशील समुदायले योगदान गर्न सक्नुपर्ने बताए ।

"नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त भएको संविधानले समाजवादउन्मुख राज्य निर्माणको सङ्कल्प गरेको छ, देशको अग्रभागमा रहेर विशाल राष्ट्रिय जागरण पैदा गर्न सांस्कृतिक संस्थानलगायतले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ", प्रधानमन्त्री दाहालले भने ।

सांस्कृतिक नीति, साधनस्रोत, पूर्वाधार, स्रष्टा र कलाकारको प्रोत्साहनलगायत विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उहाँले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा सांस्कृतिक संस्थानका चासोलाई सम्बोधन गरिने विश्वास दिलाएका छन् ।

प्रधानमन्त्री दाहालले संस्थानद्वारा आयोजित सांस्कृतिक साँझले आफूलाई छुट्टै ऊर्जा र प्रेरणा दिएकोसमेत बताए । उनले भने, "यस कार्यक्रममा प्रस्तुत भएका प्रस्तुतिहरूले मलाई छुट्टै ऊर्जा र प्रेरणा प्रदान भएको छ । कार्यक्रममा विभिन्न भाषाभाषी, सांस्कृतिक विविधता, प्रदेशगत सांस्कृतिक प्रस्तुति, देशभक्तिपूर्ण भावनाले ओतप्रोत प्रस्तुतिले देशको राष्ट्रिय एकता र सांस्कृतिक विविधताको आत्मसातीकरण र प्रवर्द्धनमा महत्त्वपूर्ण प्रेरणा प्रदान गरेको ठानेको छु ।"

सो अवसरमा संस्थानका महाप्रबन्धक किरणबाबु पुनले लोपोन्मुख अवस्थामा रहेका लोकगीत, लोकसङ्गीत, लोकवाद्य, लोकनृत्य, लोकनाटकको संरक्षण र प्रवर्द्धन गर्न क्रियाशील रहेको बताउदै उनले 'सांस्कृतिक संस्थानको हर्ष, मनाऔं नेपाली नयाँ वर्ष' भन्ने नाराका साथ प्रत्येक साताको शुक्रबार साँझ सांस्कृतिक कार्यक्रम आयोजना गरिने जानकारी दिए ।

"संस्कृतिलाई पर्यटनसँग जोडेर उत्पादनतर्फ अग्रसर गर्न विदेशी पर्यटक लक्षित सो कार्यक्रममा सात प्रदेशमा लोपोन्मुख अवस्थामा रहेका लोकगीत, नृत्य, धुन, नाटक तथा सबै जातजातिको जन्मदेखि मृत्यु पर्यन्तसम्मका लोक संस्कृतिलाई प्रदर्शन गरि नेछ", उनले भने ।

कार्यक्रममा कलाकारहरूले राष्ट्रिय गीत, भुओ, घोडचढी, धिमे र भूमेनाच तथा कौरा र भोजपुरी नृत्य एवं लोक नाटक र प्रसहन प्रस्तुत गरेका थिए । समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतको उपस्थिति थियो ।

नयाँ वर्षलाई देश बन्दैन भन्ने भ्रमबाट मुक्त वर्ष बनाउनुपर्छ : ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ वर्ष २०८१ नेपाली समाजलाई निराशा, भ्रम र अविश्वासबाट मुक्त गरी विश्वास जगाउने वर्षका रूपमा स्थापित गर्नुपर्ने बताउनुभएको छ ।

प्रवासी नेपाली मञ्च (ओएनएफ) अन्तर्राष्ट्रिय कमिटीद्वारा नयाँ वर्ष २०८१ का अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई गए राति भर्चुअलरुपमा सम्बोधन गर्दै अध्यक्ष ओलीले नयाँ वर्षलाई देश बन्दैन भन्ने भ्रमबाट मुक्त बर्ष बनाउनुपर्ने बताउनुभएको हो ।

'म बनाउँछु मेरो देश' भन्ने विश्वास जगाउने वर्षका रूपमा २०८१ लाई स्थापित गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले कुनै पनि देश अरु कसैले नभई आफैँले बनाउनुपर्ने स्पष्ट गर्नुभयो । "नेपाल अरु कसैले आएर बनाई दिँदैन, हामी नेपाली आफैँले बनाउने हो । यो दह्रो आत्मविश्वास हामी सबैमा हुनुपर्छ । विशेष गरी युवामा यो हुनुपर्छ", उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले समृद्ध नेपाल निर्माणको अभियानमा बाधा खडा गर्ने तत्वहरूले तीनवटा गलत भाष्य निर्माण गरिरहेको उल्लेख गर्दै सतर्क रहन सबै नेपालीलाई आह्वान गर्नुभयो । उहाँले नेपाल बन्दैन भन्ने कुरा शतप्रतिशत झुटो रहेको तथ्यसहित तीन विषयमा प्रष्ट हुन आग्रह गर्नुभयो ।

अध्यक्ष ओलीले भन्नुभयो, "पुराना सबै पार्टी खराब हुन् भन्ने कुरा, जन्मसिद्ध श्रेष्ठता कायम गर्ने कुरा र नेपाल बन्दैन, कसैले बनाउन सक्दैन भन्ने कुरा अहिले अफवाहका रूपमा फैलाइएको छ, यी तीनै कुरा गलत हुन् ।" उहाँले अहिले जबर्जस्त रूपमा अफवाह फैलाएर गलत भाष्य निर्माण गर्न खोजिएको र त्यसबाट जनतामा निराशा ल्याउने प्रयत्न भइरहेको बताउनुभयो।

नयाँ सत्ता समीकरण बनेसँगै मुलुक सही बाटोमा आएको र अब राष्ट्रिय हित तथा विकासको गति तीव्र ढङ्गले अघि बढ्ने अध्यक्ष ओलीको भनाइ थियो । विगतमा एमाले नेतृत्वको सरकार ढालेर कांग्रेस नेतृत्वको गठबन्धन बनेपछि मुलुकले निकै ठूलो क्षति बेहोर्नुपरेको भन्दै उहाँले देशका लागि नयाँ सत्ता समीकरण बनाउनुपरेको बताउनुभयो ।

"नयाँ समीकरणसँगै परिस्थिति फेरिएको हुँदा अब राष्ट्रिय हितलाई केन्द्र भागमा राखेर हाम्रो सार्वभौमसत्ता, स्वतन्त्रता र राष्ट्रिय अखण्डतालाई साँचो अर्थमा प्रयोग गर्दै हामी सुशासन र विकासको गतिलाई अघि बढाउने, जनताको जीवनस्तर सहज बनाउने काममा जुटेका छौँ", अध्यक्ष ओलीले भन्नुभयो।

सो अवसरमा एमाले स्थायी कमिटीका सदस्य एवं मञ्चका इञ्चार्ज डा राजन भट्टराईले मञ्चले प्रवासमा रहेका नेपालीलाई नेपाल बुझाउने काम निरन्तररुपमा गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

पाकिस्तानी विद्रोहीको आक्रमणमा ११ जनाको मृत्यु

एएफपी

क्वेटा । पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले ११ जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन् ।

स्थानीय समयअनुसार शुक्रबार राति ८ बजेतिर बलुचिस्तान प्रान्तको नौस्की शहरनजिकै छ जना बन्दुकधारीले एउटा बस रोकेरे परिचयपत्र जाँच गरी पञ्जाबको पूर्वी क्षेत्रका नौ जना कामदारलाई अपहरण गरेको प्रहरीले जनाएको छ ।स्थानीय प्रहरीका वरिष्ठ अधिकारी अल्लाह बख्शले एएफपीसँग भन्नुभयो, "राजमार्गबाट दुई किलोमिटर टाढा गोली लागेको अवस्थामा उनीहरूको शव फेला परेको थियो ।

आक्रमणकारीले पछि प्रान्तीय सांसदको कारलाई लक्षित गरी गोली चलाएको बख्शले बताउनुभयो । गोली चल्दा गाडीमा सांसद नरहेको बुझिएको छ । आक्रमणपछि कार सडक नजिकैको खाल्डोमा खस्दा दुई जनाको मृत्यु भएको हो ।"नौश्की जिल्ला प्रशासनका वरिष्ठ अधिकारी हबिबुल्लाह मुसाखाइलले एएफपीसँग भन्नुभयो, "प्रहरी र अर्धसैनिक बलले आक्रमणकारीलाई पक्राउ गर्न त्यस क्षेत्रमा खोजी कार्य सुरु गरेका छन् तर आक्रमणकारीहरू यस पटक त्यस क्षेत्रबाट भाग्न सफल भएका छन् ।"

बख्शले बन्दुकधारीहरूले ' बलोच पृथकतावादीहरूको कार्यप्रणाली स्पष्ट रूपमा प्रयोग गरेको' र आक्रमणको पछाडि कसको हात थियो भन्ने पुष्टि गर्न अनुसन्धान सुरु गरिएको बताउनुभयो । पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादीहरूले दशकौं लामो विद्रोह गर्दै आएका छन् ।लडाकूहरूले विगतमा पाकिस्तानका अन्य स्थानका जातीय पञ्जाबी र सिन्धीहरूलाई लक्षित गरेका थिए, साथै विदेशी ऊर्जा फर्महरूले यस क्षेत्रको धनको साझेदारी नगरी यस क्षेत्रको दोहन गरिरहेको उनीहरूको भनाइ छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले शुक्रबार राति भएको आक्रमणलाई ' आतङ्कवादको घटना' को संज्ञा दिँदै 'सहजकर्तालाई दण्डित गरिने' बताउनु भएको छ ।गत वर्ष अक्टोबरमा बन्दुकधारीले निजी आवास निर्माण गरिरहेका छ जना पञ्जाबी मजदूरको हत्या गरेका थिए ।गत महिनाको अन्त्यतिर यस क्षेत्रमा चीनको लगानीको आधारशिला मानिएको बन्दरगाहको कार्यालयमा आक्रमण गर्ने क्रममा आठ जना बलोच लडाकू मारिएका थिए ।

आक्रमणको क्रममा दुई जना पाकिस्तानी सैनिकको मृत्यु भएको सेनाको जनसम्पर्क शाखाले जनाएको छ ।पाकिस्तानी सुरक्षा बल पृथकतावादीहरूको सबैभन्दा बढी निशानामा परेको छ । बलोच लडाकूले आफ्नो समुदायलाई उनीहरूको प्रतिरोधको बदलाको रूपमा गैरन्यायिक हत्या र बेपत्ता पार्ने गरेको दाबी गर्छन् ।

जापानको हरितगृह ग्यास उत्सर्जन कम

सिन्ह्वा

टोकियो ।जापानमा आर्थिक वर्ष सन् २०२२ मा हरितगृह ग्यास उत्सर्जनमा कमी आएको सरकारी तथ्याङ्कले देखाएको छ । यहाँको कार्वनडाइअक्साइड उत्सर्जनमा अपेक्षित कमी आएको अर्थात् एक हजार १३५ मिलियन टनको न्यून रेकर्डमा झरेको बताइएको छ ।

पर्यावरण मन्त्रालयले सन् १९९० मा यससम्बन्धी तथ्याङ्क सङ्कलन सुरू गरिएदेखि मार्च सन् २०२३ सम्मको एक वर्षको अवधिमा पहिलो पटक उत्सर्जनमा न्यूनता देखिएको हो । आर्थिक वर्ष २०२१ को तुलनामा यो उत्सर्जन मात्रा २.५ प्रतिशत वा २८.६ मिलियन टनले घटेको तथ्याङ्कमा उल्लेख छ ।

मन्त्रालयले कोभिड-१९ महामारीका कारण सङ्कटग्रस्त अर्थतन्त्रमा सुधारका लागि बढाइएका औद्योगिक गतिविधिका कारण आर्थिक वर्ष सन् २०२१ मा उत्सर्जन बढेको थियो तर हरित गृह उत्सर्जन नियन्त्रणका लागि निरन्तरको प्रयासपछि यसमा गिरावट आएको हो ।व्यावसायिक र अन्य व्यापारिक प्रतिष्ठानहरूमा उत्सर्जनमा ४.७ प्रतिशतको गिरावटसँगै १७९ मिलियन टनमा झरेको र गत वर्षको तुलनामा उच्च तापक्रमबीचमा कम मागको कारण घरपरिवारबाट हुने उत्सर्जनमा १.४ प्रतिशतले कमी आई १५८ मिलियन टनमा झरेको देखिएको छ ।

यसैबीच, सवारी साधनलगायत यातायात क्षेत्रको उत्सर्जन ३.९ प्रतिशतले बढेर १९२ मिलियन टन पुगेको छ ।आर्थिक वर्ष सन् २०३० सम्म जापान सरकारले सन् २०१३ को स्तरबाट ४६ प्रतिशतले उत्सर्जन घटाउने र सन् २०५० सम्म शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ ।मन्त्रालयले सन् २०२२ मा सन् २०१३ को तुलनामा हरित गृह उत्सर्जनमा २२.९ प्रतिशतले कमी आएको जनाएको छ ।

दिपेन्द्र सिंहको विष्फोटक व्याटिङले नेपाल दोस्रो खेलमा पनि विजयी

टुडे समाचारदाता

काठमाण्डु । एसीसी प्रिमियर कप २०२४मा नेपालको विजय यात्रा जारी रहेको छ । दिपेन्द्र सिंह ऐरीको विस्फोटक व्याटिङको मद्दतले नेपाल आफ्नो दोस्रो खेलमा शनिबार कतारलाई ३२ रनले पराजित गरेको छ ।

ओमानको अल अमरेत क्रिकेट मैदानमा नेपालले दिएको २११ रनको विशाल लक्ष्य पछ्याएको कतारले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर जम्मा १७८ रनमात्र बनाउन सक्यो ।नेपालका लागि दीपेन्द्र सिंह ऐरीले २१ बलमा ३ चौका र ७ छक्काको मद्दतमा ६४ रन र आसिफ शेखले ५२ रनको योगदान गरेपछि कतारले २११ रनको विशाल लक्ष्य पाएको थियो ।

कतारका लागि कप्तान मोहम्मद तनवीरले ३३ बलमा ६३ रन, मोहम्मद अनाफले २३, कमरान खानले १८, अदान मिर्जाले १९, हिमांशु राथोडले २२ रन जोडे पनि टिमको जितका लागि पर्याप्त भएन ।

यससँगै ऐरीले एकै अभरमा छउवटा छक्का हान्ने विश्व रेकर्डलाई पुनः दोहराएका छन् ।

बलिङतर्फ नेपालका दीपेन्द्र सिंह ऐरी, ललित राजवंशी र गुल्सन झाले २/२ तथा कुशल मल्ल र अविनाश बोहराले १/१ विकेट लिए ।

यसअघि नेपालले एसीसी प्रिमियर कपको पहिलो खेलमा मलेसियालाई ५ विकेटले हराएको थियो ।

दीपेन्द्र एकै ओभरमा ६ छक्का हान्ने विश्वकै पाचौं खेलाडी

नेपालका अलराउन्डर दीपेन्द्रसिंह ऐरी अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभरमा ६ छक्का हान्ने विश्वकै पाँचौं खेलाडी बनेका छन् ।

ओमानमा जारी एसीसी प्रिमियर कपमा दीपेन्द्रले कतारविरुद्ध टी-२० आईमा एकै ओभरमा ६ छक्का हानेका हुन् । दीपेन्द्र टी-२० आईमा एकै ओभरमा ६ छक्का हान्ने तेस्रो र समग्र अन्तर्राष्ट्रिय क्रिकेटका पाँचौं खेलाडी बनेका छन् ।

दीपेन्द्रले ओमानको अल अमरेत क्रिकेट मैदानमा कतारका कमरान खानलाई २० औं ओभरका सबै बलमा छक्का प्रहार गरेका हुन् । दीपेन्द्रले २१ बलमा ३ चौका र ७ छक्कासहित ६४ रनको इनिङ खेले । उनको विस्फोटक ब्याटिङको मद्दतमा नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै २१० रन बनाएको थियो ।

दीपेन्द्र नेपालबाट कुनैपनि अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभरमा ६ छक्का हान्ने पहिलो खेलाडी समेत हुन् । दीपेन्द्रले यसअघि सेप्टेम्बरमा मंगोलियाविरुद्ध टी-२० आईमा दुई फरक ओभरमा लगातार ६ बलमा ६ छक्का हानेका थिए ।

उक्त खेलमा दीपेन्द्रले ९ बलमै क्रिकेट इतिहासकै सर्वाधिक छिटो अर्धशतक प्रहार गरेका थिए । दीपेन्द्रअघि अन्तर राष्ट्रिय क्रिकेटमा एकै ओभरमा ६ छक्का हान्ने चार खेलाडी यस प्रकार छन् ।

हर्सल गिब्स

दक्षिण अफ्रिकाका ब्याटर हर्सल गिब्सले २००७ को एकदिवसीय विश्वकप क्रिकेटमा नेदरल्यान्ड्सविरुद्ध एकै ओभरमा ६ छक्का हानेका थिए ।

उनले नेदरल्यान्ड्सका डान भान बंगेलाई ३० औं ओभरमा ६ छक्का हानेका थिए । हर्सल अन्तर राष्ट्रिय क्रिकेटमा एकै ओभरमा ६ छक्का हान्ने पहिलो खेलाडी हुन् ।

युवराज सिंह

भारतका पूर्व आक्रामक ब्याटर युवराज सिंहले २००७ को टी-२० विश्वकपमा इंग्ल्यान्डका तीव्र गतिका बलर स्टुअर्ट ब्रोडलाई १९ औं ओभरमा ६ छक्का हानेका थिए । युवराज टी-२० आईमा एकै ओभरमा ६ छक्का हान्ने पहिलो खेलाडी हुन् ।

काइरन पोलार्ड

वेस्टइन्डिजका पूर्वकप्तान काइरन पोलार्डले २०२१ को टी-२० आई सिरिजमा श्रीलंकाका स्पिनर अकिला धनञ्जयलाई छैटौं ओभरमा ६ छक्का हानेका थिए ।

जसकरण मलहोत्रा

अमेरिकाका ब्याटर जसकरण मलहोत्राले २०२१ मा पपुवा न्युगिनीविरुद्ध ओडीआई खेलमा एकै ओभरमा ६ छक्का हानेका थिए । अन्तिम ओभरमा गौडी टोकालाई एकै ओभरमा छक्का हानेका थिए ।

सिड्नीको सपिङ मलमा भएको छुरा आक्रमणमा केही हताहत

एएफपी

सिड्नी । अस्ट्रेलियाको सिड्नीमा रहेको एउटा व्यवसायिक भवनभित्र मानिसहरूलाई आतङ्कित पार्ने गरी छुरा प्रहार भएको छ । उक्त घटनामा कम्तीमा पाँच जनाको मृत्यु भएको प्रहरी र स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

प्रधानमन्त्री एन्थोनी अल्वानिजले सपिङ मल (किनमेल केन्द्र) मा भएको आक्रमणमा 'केही व्यक्ति हताहत भएको' पुष्टि गर्नुभएको छ ।

त्यहाँ एक नौ महिनाको बच्चासहित कैयौंलाई छुरा प्रहार गरिएको प्रत्यक्षदर्शीले बताए । बोन्डी जक्शनस्थित वेस्टफिल्ड मलभित्र आक्रमणको घटनासँगै मानिसहरूको भागाभाग भएको र प्रहरीले घटनास्थललाई

नियन्त्रणमा लिई व्यापक कारबाही गरेको छ । न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको जनाएको छ । घटनास्थलबाट मानिसहरू भागिरहेको देखिने खालका तस्बिर तथा भिडिओहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका छन् । प्रहरीले त्यहाँको समय अनुसार अपरान्ह ४ बज्नै लाग्दा एक व्यक्तिलाइगोली हानिएपछि अवस्था संवेदनशील बनेको जनाएको छ ।

आक्रमणका घटनाहरू जारी रहेको भन्दै मानिसहरूलाई उक्त क्षेत्रतर्फ नजान भनिएको छ ।

उक्त क्षेत्रलाई खाली गरिएको छ भने घटनास्थलमा दर्जनौं एम्बुलेन्स र प्रहरीका गाडीहरू रहेका तस्बिरहरू सामाजिक सञ्जालमा पोस्ट गरिएका छन् ।

सामाजिक सञ्जालमा शेअर गरिएको भिडिओमा एकजना पुरुषले ठूलो खालको चक्कु लिएर आक्रमण गर्न खोजेको पनि देखाइएको छ ।न्यू साउथ वेल्स एम्बुलेन्स सेवाले आक्रमणकारी ठानिएका एकजना व्यक्तिको प्रहरी कारबाहीमा मृत्यु भएको छ ।

टोरोन्टोका प्रहरीमाथि छुरा आक्रमण

सिन्ह्वा

ओटावा । क्यानडाको सबैभन्दा ठूलो शहर टोरन्टोमा शुक्रबार दिउँसो भएको विवादका क्रममा एक प्रहरी अधिकारीमाथि छुरा प्रहार भएको छ ।

टोरन्टो प्रहरीका अनुसार कलेज स्ट्रिट र ल्यान्सडाउन एभिन्यूको क्षेत्रमा रहेको एक व्यवसायिक भवनको पार्किङ स्थलमा स्थानीय समयअनुसार दिउँसो १:३३ बजे उक्त घटना भएको हो ।

सीटीभी न्यूजले प्राप्त गरेको भिडियोमा अधिकारीहरू पार्किङ गरिएका दुई कारको बीचमा भुइँमा आक्रमणकारी भनिएका एक व्यक्तिलाई नियन्त्रणमा लिन सङ्घर्ष गरिरहेको देखिन्छ ।दुई सुरक्षा अधिकारीले आक्रमणकारीतर्फ आफ्नो हतियार ताकेको र त्यसको केही समयमा नै त्यो व्यक्ति भुइँमा ढेलेको देख्न सकिन्छ ।

झडपमा घाइते प्रहरी र संदिग्ध दुवैको अवस्था स्थिर रहेको र अस्पतालमा उपचार भइरहेको छ ।

टोरन्टोका नगर प्रमुख ओलिभिया चाउका अनुसार यो हप्ता टोरन्टोका तीन जना प्रहरी अधिकारी घाइते भएका छन् । चाउले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, 'हिंसा कदापि स्वीकार्य हुँदैन ।"प्रहरीमाथिको आक्रमणपछि उक्त क्षेत्रका सडकहरू अवरुद्ध भएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

टोरन्टो प्रहरीका अनुसार कलेज स्ट्रिट र ल्यान्सडाउन एभिन्यूको क्षेत्रमा रहेको एक व्यवसायिक भवनको पार्किङ स्थलमा स्थानीय समयअनुसार दिउँसो १:३३ बजे उक्त घटना भएको हो ।

इरानी गार्डद्वारा खाडीमा इजराइलसँग सम्बन्धित जहाज कब्जा

एएफपी

तेहरान । इरानको रिभोल्युसनरी गार्डले शनिबार ' खाडीमा यहुदी शासन (इजराइल) सँग सम्बन्धित' एउटा कन्टेनर जहाजलाई नियन्त्रणमा लिएको राज्य मिडियाले बताएको छ ।

आइआरएनए राज्य समाचार समितिले भनेको छ, "'एमसिएस एराइज' नामक कन्टेनर जहाजलाई सेपाह (गार्डहरू) नौसेनाको विशेष बलले हेलिबोर्न अपरेसनमार्फत नियन्त्रणमा लिएको छ ।" उक्त अपरेसन विश्व व्यापारका लागि महत्त्वपूर्ण जलमार्ग 'स्ट्रेट अफ हर्मुज' नजिकै भएको हो । उक्त जहाजलाई अहिले इरानको क्षेत्रीय जलतर्फ निर्देशित गरिएको छ ।

'क्षेत्रीय अधिकारीरू' ले संयुक्त अरब इमिरेट्सको तटबाट एउटा जहाजलाई नियन्त्रणमा लिएको दुई सामुद्रिक सुरक्षा एजेन्सीले बताएपछि इरानको उक्त भनाइ आएको हो । रोयल नेभीको युनाइटेड किङडम सामुद्रिक व्यापार अपरेसन एजेन्सीले थप विवरण नदिई भनेको छ, "जहाजलाई क्षेत्रीय अधिकारीहरूले फुजैराहको तटबाट नियन्त्रणमा लिएको सूचना प्राप्त भएको छ ।"

कम्तीमा तीन व्यक्ति एउटा हेलिकप्टरबाट कन्टेनर जहाजतिर द्रुत गतिमा दौडिरहेको स्थिर फुटेजमा देखिएको सुरक्षा फर्म एम्ब्रेले बताएको छ ।

"इरानको रिभोल्युसनरी गार्डले पहिला पनि स्ट्रेट अफ हर्मुजमा जहाजहरूलाई नियन्त्रणमा लिने बेलामा बोर्डिङको यो पद्धतिलाई प्रयोग गरेको थियो ।"भेसल ट्र्याकिङ वेबसाइट भेसलफाइन्डर डट कम र मेरिनट्राफिक डट कमका अनुसार एमसिएस एराइज पोर्चुगाली ध्वजा भएको कन्टेनर जहाज हो । दुवै साइटले खाडीमा यसको अन्तिम रिपोर्ट गरिएको अवस्था बताएका छन् ।

करिब दुई साताअघि सिरियामा आफ्नो दमास्कास दूतावासको कन्सुलर खण्डमा घातक हमलाका लागि इरानले प्रतिशोध लिने वाचा गरेपछि अमेरिकाले शुक्रबार मध्यपूर्व क्षेत्रमा सैन्य सुदृढीकरण पठाउने बताएको थियो । अमेरिकाका राष्ट्रपति जो बाइडेनले शुक्रबार इरानले कट्टर दुश्मन इजराइलमाथि हमला गर्ने अपेक्षा गरिएको बताउनुभयो । इरानले कन्सुलर खण्डमा इजराइलले हमला गरेको आरोप लगाएको छ । अप्रिल १ मा भएको हमलामा दुई जनर लसहित इरानको रिभोल्युसनरी गार्डका कम्तीमा सात सदस्य मारिएका थिए ।

म्याराथनमा मुकेश पाल प्रथम

टुडे समाचारदाता

धनगढि । 'अब धनगढी दौडिन्छ' भन्ने नाराका साथ नयाँ वर्ष २०८१ का आवसरमा कैलालीको धनगढीमा शनिबार आयोजित हाफ म्याराथन प्रतियोगितामा मुकेशबहादुर पाल प्रथम भएका छन् ।

धनगढी जेसीजद्वारा आयोजित २१ किलोमिटर दूरीको उक्त हाफ म्याराथन मुकेशले एक घण्टा सात मिनेट ५७ दशमलव ३५ सेकेन्डमा पूरा गर्दै प्रथम स्थान प्राप्त गरे । जितसँगै नेपाली सेनामा कार्यरत उनले रु ६६ हजार ६ सय ६६ पुरस्कार प्राप्त गरे ।

यस्तै दुर्गाबहादुर बुढाले एक घण्टा आठ मिनेट १२ दशमलव ७७ मिनेटमा उक्त दूरी पार गर्दै दोस्रो स्थान प्राप्त गरे । उनलाई रु ४४ हजार चार सय ४४ पुरस्कार प्रदान गरियो । एक घण्टा आठ मिनेट ४९ दशमलव ८६ सेकेन्डमा उक्त दूरी पार गरी तेस्रो स्थान प्राप्त गर्ने नरेन्द्रसिंह रावतलाई रु ३३ हजार तीन सय ३३ पुरस्कार प्रदान गरियो । हाफ म्याराथनमा उल्लेख्य सत्र्यामा खेलाडी सहभागिता थियो । धनगढी रङ्गशालाबाट सुरु भएको हाफ म्याराथन सहिद गेट हुँदै गेटा मेडिकल कलेज पुगेर पुनः रङ्गशाला फर्किएर समापन भएको थियो ।

यस्तै, पुरुष पाँच किलोमिटर दौडतर्फ कवीर कामी प्रथम, विकास बोहरा दोस्रो र विकास सिंह तेस्रो भए । पाँच किलोमिटरकै महिला दौडमा कमला बडुवाल पहिलो, बागेश्वरी धामी दोस्रो र तुलसी रावत तेस्रो भए । दुवै विधामा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्नेलाई क्रमशः रु ६ हजार ६ सय ६६, रु चार हजार चार सय ४४ र रु तीन हजार तीन सय ३३ पुरस्कार प्रदान गरिएको धनगढी जेसिजका हरि जोशीले बताए ।

एक घण्टा आठ मिनेट ४९ दशमलव ८६ सेकेन्डमा उक्त दूरी पार गरी तेस्रो स्थान प्राप्त गर्ने नरेन्द्रसिंह रावतलाई रु ३३ हजार तीन सय ३३ पुरस्कार प्रदान गरियो ।

धनगढी जेसिजले एक दशकदेखि नयाँ वर्षको पहिलो दिन 'धनगढी दौडिन्छ' नाराका साथ हाफ म्याराथन प्रतियोगिता गर्दै आएको छ । धनगढीको समग्र विकासमा टेवा पुऱ्याउन यस्तो प्रतियोगिता गरिएको आयोजकले जनाएको छ । आजको प्रतियोगिताको प्रवर्द्धकमा जेसिज एभरेष्ट स्कुल, सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्, धनगढी उपमहानगरपालिकालगायत थिए ।

लुम्बिनी : नयाँ वर्षमा भ्रमणको आकर्षक गन्तव्य

भैरहवा । नयाँ वर्षको पहिलो दिन लुम्बिनीमा आन्तरिक पर्यटकको ओइरो लागेको छ । गौतमबुद्धको जन्मस्थल मायादेवी मन्दिरलगायत कोषको हाताभित्र रहेका सबै गुम्बामा दर्शनार्थीको घुइँचो लागेको हो ।

मायादेवी परिसर, केन्द्रीय नहर, गुम्बाहरूमा आन्तरिक एवं भारतीय पर्यटकको भरिभराउ थियो । आन्तरिक पर्यटक र भारतीय पर्यटक भ्रमणको केन्द्रका रूपमा लुम्बिनी रहेको छ । लुम्बिनी विकास कोषका सूचना अधिकृत राजन बस्नेतका अनुसार वर्षको पहिलो दिउँसो ३ बजेसम्म १० हजारभन्दा बढी दर्शनार्थीले मायादेवी मन्दिरको अवलोकन गरेका छन् ।

विश्व शान्तिको केन्द्रका रूपमा रहेको लुम्बिनी भगवान् गौतमबुद्धको जन्मस्थल हो । आफ्नो नयाँ वर्षको सुरुआत यहीबाट गर्ने धेरै नेपालीको चाहना हुन्छ । यसले पनि नयाँ वर्षमा लुम्बिनीमा आन्तरिक पर्यटकको संख्या ह्वात्तै बढाएको छ ।

"लुम्बिनीको परिचय नै पर्याप्त छ, नेपालीको पहिचान विश्वमा नै चिनाएको कारण यहींबाट नयाँ वर्षको सुरुआत गर्ने सोच बनाएँ", पश्चिम नवलपरासी बर्दघाटका कमलकिशोर रायमाझीले भन्नुभयो, "अहिले यहाँ मजस्ता पर्यटकको घुइँचो देखेर निकै रमाइलो लागेको छ ।"विसं २०७० को दशकमा नेपाल भूकम्पको त्रासदीदेखि कोभिड र आर्थिक मन्दीको मार खेपेकाले नेपालमा शान्ति र खुसी छाओस् भन्दै नेपालीहरूले कामना गरेका छन् । यससँगै नेपालमा राजनीतिक स्थिरता र पर्यटन क्षेत्रको विकासका लागि पनि दर्शनार्थीले लुम्बिनीबाट कामना गरेका छन् ।

गुल्मी हर्मिचौरका तुलासिंह पाण्डे भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा एकपटकको भ्रमणले मात्र चित्तै नबुझ्ने बताउनुहुन्छ । उहाँले पहिलेको तुलनामा लुम्बिनीमा धेरै विकास भएको बताउँदै पटकैपिच्छे आउँदा लुम्बिनीमा परिवर्तन आउने गरेको सुनाउनुभयो । सरसफाइलगायत अन्य व्यस्थापन राम्रो रहेको उहाँले प्रतिक्रिया दिनुभयो ।

लुम्बिनी विकास कोषले लागू गरेको ई-टिकटका कारण भने कतिपय पर्यटकले भने सास्ती खेपेको बताउनुभएको छ । बर्दिया बढैयाताल गाउँपालिका-७ का चुडामणि अर्यालले अर्घाखाँचीको सुपादेउराली हुँदै लुम्बिनी आएको बताउनुभयो । उहाँ पछिल्लोपटक २०५६ मा लुम्बिनीमा आउनुभएको थियो । त्यसयता लुम्बिनीमा धेरै परिवर्तन भइसकेको अर्यालले बताउनुभयो । "ई-टिकटको व्यवस्था रहेको जानकारी पायौँ, तर मोबाइलबाट टिकट लिन खोज्दा भएन", उहाँले गुनासो गर्नुभयो, "टिकटकै लागि धेरै बेर भौतारिनुपर्यो, कोषले यसमा सुधार गर्नुपर्छ ।"

लुम्बिनी विकास कोषले रुपन्देही, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) र कपिलवस्तुका नागरिकबाहेक अन्यलाई मायादेवी मन्दिर दर्शनका लागि शुल्क तोक्दै टिकटको व्यवस्था गरेको छ ।रासस

सुन्तलाले पायो तीन गुणा बढी मूल्य

विराटनगर । हिउँदमा बिक्री नभएका सुन्तला शीतभण्डारमा राखेपछि किसानले दुई महिनामै तीन गुणा बढी मूल्य पाएका छन् ।

म्याङ्लुङ-९ साब्लामा सञ्चालित मेयङ्लुङ शीतभण्डारमा हिउँदमा सुन्तला भण्डारण गर्दा प्रतिकिलो रु ६० थियो । अहिले प्रतिकिलो रु दुई सयले बिक्री भइरहेको छ । कोशी प्रदेश सरकारको रु तीन करोड, म्याङ्लुङ नगरपालिका र कियाचु कृषि सहकारी संस्थाको रु एक करोड ३० लाख साझेदारीमा म्याङ्लुङ-९ साब्लामा एक हजार मेट्रिक टनको शीतभण्डार सञ्चालनमा छ ।

प्रतिकेजी दुई रुपैयाँ ५० पैसा प्रतिमहिना भाडा तिरेर माघको अन्त्यतिर शीतभण्डारमा राखेको दुई महिनामै स्थानीय बजारमा सुन्तलाले तीन गुणा बढी मूल्य पाउँदा किसानलाई फाइदा भएको म्याङ्लुङ-२ की मेनुकाकुमारी श्रेष्ठले बताउनुभयो ।

"हिउँदमा सुन्तला बिक्री नभएर बगानमै कुहिने अवस्था थियो । बिक्री भइहाले पनि रु ५० किलो व्यापारीले

मागिरहेका थिए । अहिले तीन गुणा बढी मूल्य पायो हामी खुसी छौँ", श्रेष्ठले भन्नुभयो । यसअघि शीतभण्डारमा भण्डारणको अनुभव नभएकाले बिग्रिने हो की भनी डराइडराइ सुन्तला भण्डारण गरेको म्याङ्लुङ-२ का मोतीराज तुम्बाहाङ्फे बताउनुभयो । "साथीहरुले बिग्रिन्छ नराख भन्दै थिए तर भण्डारणको समयमा कटिङ र लेबलिङमा ध्यान दिने हो भने नबिग्रिने रहेछ", उहाँले भन्नुभयो ।

विसं २०७० मा दर्ता भएको कियाचु कृषि सहकारीमार्फत मेयङ्लुङ शीतभण्डार गत सालदेखि सञ्चालित छ । किसानमा शीतभण्डारको उपयोगिताको बारेमा थाहा नभएकाले किसानसँग छलफलमा रहेको शीतभण्डारकी व्यवस्थापक कुमारी लिम्बूको भनाइ छ ।

यस वर्ष शीतभण्डारमा किवि तीन हजार किलो, सुन्तला दुई हजार किलो भण्डारण गरिएको छ । अब आलुको बीउ भण्डारणको तयारी भइरहेको व्यवस्थापक लिम्बूको भनाइ छ । हिउँदमा खान पाइने सुन्तला चैत वैशाखमा किनेर खान पाएकोमा स्थानीय उपभोक्ता समेत खुसी छन् ।रासस

तेस्रो त्रैमाससम्म पुँजीगत खर्च ३२ प्रतिशतमात्रै

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमास अवधिसम्ममा पुँजीगत खर्च निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्ममा ३२ दशमलव २४ प्रतिशतमात्रै पुँजीगत खर्च भएको छ ।

चालु आवका लागि पुँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ विनियोजन भएकामा चैत मसान्तसम्मको नौ महिनामा रु ९७ अर्ब ३७ करोड ७४ लाख बराबर खर्च भएको छ ।चालु आवका लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट विनियोजन गरेको थियो । हालसम्मको कुल बजेट खर्च वार्षिक विनियोजनको ५१ दशमलव ९३ प्रतिशत अर्थात् रु नौ खर्ब नौ अर्ब ३९ करोड १४ लाख बराबर रहेको छ ।

चालुगत शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन भएकामा हालसम्म ५६ दशमलव ४१ प्रतिशत अर्थात् रु छ खर्ब ४४ अर्ब दुई करोड ५४ लाख बराबर खर्च भएको छ । त्यसैगरी वित्तीय व्यवस्था शीर्षकका रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकामा ५४ दशमलव ६४ अर्थात् रु एक खर्ब ६७ अर्ब ९८ करोड ८६ लाख खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।बजेट खर्चमा मात्र नभई राजस्व सङ्कलनको अवस्था पनि कमजोर देखिएको

छ । चालु आवका लागि कुल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व सङ्कलन गर्ने सरकारी लक्ष्य छ ।

चैत मसान्तसम्ममा वार्षिक लक्ष्यको ५२ दशमलव पाँच प्रतिशत अर्थात् रु सात खर्ब ७३ अर्ब तीन करोड ६६ लाख असुली भएको छ । जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ५१ दशमलव ४१ प्रतिशत अर्थात् रु छ खर्ब ७१ अर्ब ११ करोड ५६ लाख र गैरकरतर्फ ६५ दशमलव ७१ प्रतिशत अर्थात् रु ७६ अर्ब ९२ करोड ५६ लाख बराबर सङ्कलन भएको छ ।

चालु आवका लागि सरकारले रु ४९ अर्ब ९४ करोड ३० लाख बराबरको वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर अनुदान लिइएको छ ।रासस

२९औँ वन्यजन्तु सप्ताह सौराहामा सुरु

भरतपुर । चितवनमा शनिबारदेखि २९औँ वन्यजन्तु सप्ताह २०८१ सुरु भएको छ । हरेक वर्ष वन र वन्यजन्तु संरक्षणमा दीर्घकालीन प्रभाव पर्ने प्रकृतिका गतिविधि आयोजना गरी मनाइँदै आइएको सप्ताहमा यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरिएको छ ।

सप्ताहको सौराहामा एक कार्यक्रमका बीच रत्ननगर नगरपालिका-५ का वडाध्यक्ष बालकृष्ण चापागाईंले उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले वन्यजन्तु संरक्षणमा सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने आवश्यक रहेको बताउनुभयो ।

उक्त सप्ताह कार्यक्रममा मृगकुन्ज मध्यवर्ती उपभोक्ता समितिको नेतृत्वमा निकुञ्जसहित २६ वटा

सङ्घसंस्थाले सहकार्य गरेका छन । 'वन्यजन्तुको संरक्षण : पर्यापर्यटन र आयआर्जन' भन्ने मूल नाराका साथ सुरु गरिएको सप्ताहमा वन्यजन्तु संरक्षण र जीविकोपार्जनलाई जोड दिइएको मृगकुञ्जका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले बताउनुभयो ।

उहाँका अनुसार सप्ताहव्यापी कार्यक्रमअन्तर्गत भोलि टिकौली हाइबे वरपर सरसफाइ, वैशाख ३ गते चरा अवलोकन, ४ गते वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, सोही दिन वन्यजन्तु र मानिसबीचको सहअस्थित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, ५ गते डुङ्गा सयर, ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना र्‍याली गरिने छ ।

सप्ताहको अन्तिम दिन वैशाख ७ गते वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा सम्भावना र चुनौती विषयक अन्तर्क्रियाका साथै वन्यजन्तु संरक्षणका क्षेत्रमा योगदान दिएकालाई विभिन्न विधामा सम्मान गरिने अध्यक्ष घिमिरेले जानकारी दिनुभयो ।मृगकुञ्जको अगुवाइमा निकुञ्ज, स्थानीय सरकार, राष्ट्रिय प्रकृति संरक्षण कोषसहित सामुदायिक वन, सौराहाको पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाको सहकार्य रहेको छ ।रासस

प्रवासमा निःशुल्क सङ्गीत कक्षा, उत्पादन स्वदेशमा

काठमाण्डु । नेपाली साङ्गीतिक कार्यक्रममार्फत कला र संस्कृतिको विस्तार र प्रवर्द्धनका लागि पछिल्लो समय विश्वभर नै कार्यक्रम हुने गरेको छ । ती कार्यक्रमको प्रभावकारिताका बारेमा चर्चा पनि त्यसैगरी हुने गरेको सुनिन्छ । तर गायक तथा सङ्गीतकार केशव पौडेलको विषय भने योभन्दा फरक छ । उहाँले अमेरिकामै कैयौँ नेपाली विद्यार्थीलाई निःशुल्क सङ्गीत पढाइरहनुभएको छ ।

"गीतसङ्गीत त भइहाल्यो, यो नेपाली भाषा सिकाउने उद्देश्य पनि हो । हामीले कक्षामा अङ्ग्रेजी बोल्न दिदैनौँ । यसले नेपाली भाषामा नयाँ पुस्तालाई अभ्यस्त बनाउँछ भन्ने हाम्रो अपेक्षा पनि छ । विगतमा नेपाली भाषाकै लागि त्यहाँ आइपुग्नेले अहिले गीत, सङ्गीतमै आफ्नो भविष्य देख्न थालिसकेका छन् । यो हाम्रा लागि ठूलो खुसीको कुरा पनि हो", गायक पौडेलले भन्नुभयो । अमेरिकाको ओहायो सहरमा उहाँले गीतसङ्गीतको कक्षा सञ्चालन गरिरहनुभएको छ भने उहाँका अरु साथीहरुले नृत्य र यससँगै भाषाको पनि कक्षा सञ्चालन गरिरहनुभएको छ ।

उहाँका अनुसार सात सहरमा रहेका यस्ता कक्षाले नेपालीलाई आकर्षित पनि गरिरहेको छ । सात वर्षका बालबालिकादेखि ६० वर्ष उमेरसम्मका नेपालीहरु कक्षामा सहभागी छन् । उनीहरुले समय व्यवस्थापन गरेका छन् र निकै चाखसित नेपाली गीतसङ्गीतमा रमाएका छन् । गीतसङ्गीत मन नपराउने मानिस कमै होलान् । अधिकांशलाई त गीत गाउने, बाजा बजाउने सोख नै हुन्छ, जुन स्वाभाविक पनि हो । अमेरिकास्थित संस्था इन्ट्रा फाउन्डेसनको व्यवस्थापनमा ओहायोमा रहेका नेपालीको यो सङ्गीत

कक्षा हेर्दा सहभागीहरु नेपालमा अधुरा रहेका सपना अमेरिकामा पूरा गर्ने अवसरका लागि तल्लीन देखिन्छन् । यहाँ समय नभएर या आर्थिक आदि कारणले आफ्नो गीतसङ्गीतको भोक मेटाउन नसकेकाहरुले अहिले यसमा लागिपरेका छन्, भन्नुहुन्छ पौडेल ।

"प्रवासमा आएर आफ्नो सपना पूरा गर्ने काममा अगाडि बढ्न पाउँदा सहभागीहरु खुसी मात्र हुनुहुन्न, उहाँहरु यस क्षेत्रको भविष्य पनि देख्ने गर्नुभएको छ । यी कक्षाका विद्यार्थीले गीतसङ्गीतमा आफूहरु लाग्ने तयारी नै थाल्नुभएको छ । म पनि प्रवासमा आएर आफ्नै पेसाको काममा लाग्न पाउँदा उहाँहरुभन्दा कम खुसी छैन, निकै नै उत्साहित छु", गायक पौडेलले भन्नुभयो । नेपालमा आफ्ना दुईसहित फुटकररुपमा तयार गरिएका २५ गीतिसङ्ग्रहमा स्वर र सङ्गीत दिइसक्नुभएका गायक पौडेल अमेरिका पुगेर प्राविधिक शिक्षातर्फ आकर्षित हुनुभयो । विसं २०७६ मा अमेरिका पुगेपछि विश्वव्यापीरुपमा देखिएको कोरोना भाइरस महामारीले केही समय विश्राम लिनु परे पनि पनि गायक पौडेल पछि इन्ट्रा फाउन्डेसनसँग जोडिनुभयो र त्यसयता सङ्गीत सिकाउने शिक्षकका रुपमा कार्यरत हुनुहुन्छ ।

"म सङ्गीतबाट टाढिन नसकेका सन्दर्भमा त्यही काम पाएँ । प्रवासमा आएर सङ्गीत नै सिकाउन पाउँदाको खुसीलाई साधारण शब्दमा मात्र व्यक्त गर्न म सक्दिन । अहिले यो सामान्य सुनिए पनि केही वर्षपछि यसको नतिजा देखिनेछ कि यसबाट अमेरिकामा पनि धेरै नेपाली कलाकार उत्पादन हुनेछन् र आफ्ना प्रतिभा प्रस्फुटन गरेर देखाउने छन्", उहाँले भन्नुभयो ।

रेडियो नेपालमा विसं २०६० मा बालगीत, २०६१ मा उपत्यकाव्यापी बालगीत प्रतियोगिता, २०६६ र ६७ मा जागरण गीत, २०७० मा आधुनिक गीतमा उत्कृष्ट हुनुभएका गायक पौडेले देश छाडेर पनि सङ्गीत छाड्न सक्नुभएको छैन । उहाँले पछिल्लो तीन वर्षमा तीसको हाराहारीमा गीत तयार गर्नुभएको छ । नेपाल आउँदा प्रायः गीत लिएर नै यहाँ आउनुहुन्छ ।

विविधि कारणले प्रवास जानु परे पनि गीतसङ्गीतप्रतिको आफ्नो सक्रियतालाई उहाँले घट्न दिनुभएको छैन । यतिखेर पनि उहाँले १० वटा गीत लिएर आउनुभएको थियो उत्पादन गर्न । तर, गीतिसङ्ग्रह नभई एक/एक गीत सार्वजनिक गर्ने योजना उहाँले बनाउनुभएको छ । गायक पौडेल आफू गीतसङ्गीतमा निरन्तर सक्रिय रहने योजनाअनुरुप नै अघि बढ्नुभएको छ । नेपालमा रहँदा नै गीतसङ्गीतमा सक्रिय गायक पौडेलले अमेरिकामा रहेका नेपालीलाई दैनिक तीन कक्षामार्फत नेपाली गीतसङ्गीतप्रति आकर्षित गरिरहनुभएको छ ।

नेपाली गीतसङ्गीतप्रतिको यो मोह र लगावबाट उहाँले यस क्षेत्रलाई योगदान त दिनुभएकै छ । यसका अतिरिक्त उहाँले पछिल्लो समय नेपाली सङ्गीत उद्योगलाई पनि टेवा दिन थाल्नुभएका रुपमा पनि बुझ्न सकिन्छ । किनभने उहाँ हरेक वर्ष गीत रेकर्डिङ तथा उत्पादनका लागि नेपालमा आउने गर्नुभएको छ । उहाँले यस वर्ष यहाँ आएर ३० वटा गीत उत्पादन गर्नुभयो । यो उहाँको नियमित कार्यक्रम जस्तै बनेको छ ।

नेपालीहरुले अमेरिकामा गीत या म्युजिक भिडियो उत्पादन गर्न महँगो पर्ने गर्दछ । साथै कतिपय कलाकार यसैका लागि नेपालमै आउने अवसर प्राप्त नगर्न पनि सक्छन् ।

कलाकारहरुले मान्ने गरेको यो झन्झटलाई गायक पौडेलले दुर गरिदिनुभएको छ । यसबाट सुरुमा सानो 'भोल्युम' मा भए पनि नेपाली गीतसङ्गीत उद्योगले व्यवसाय प्राप्त गर्न सकेको छ भन्न सकिन्छ । गायक पौडेलले अमेरिकामा रहेका नेपालीको गीतसङ्गीत उत्पादनको चाहलाई नेपालमा ल्याएर साकार पारिदिने र यहाँको 'म्युजिक इन्डस्ट्री' लाई थौरै भए पनि 'बिजनेस' दिने योजना निरन्तर नै रहने योजना बनाउनुभएको छ ।रासस

नयाँ वर्षमा नेपाली चलचित्रलाई दर्शकको साथ

काठमाण्डु । नयाँ वर्षलाई लक्षित गरी हलहरूमा तीन नेपाली चलचित्र प्रदर्शनमा छन् । २०८० सालको अन्तिम दिन शुक्रबारदेखि रामबाबु गुरुङ निर्देशित 'डिग्री माइला', फिडेल देवकोटा निर्देशित 'द रेड सुटकेस' र चौथो सातामा 'महाजात्रा' प्रदर्शन भइरहेको छ ।

वितरकले दिएको जानकारीअनुसार शनिबार तीनै चलचित्रका अधिकांश शो ' हाउसफुल' छन् । नयाँ वर्षमा दर्शकले नेपाली चलचित्र हेर्न चाहेको यसले प्रमाणित गरेको छ । डिग्री पास बेरोजगारको कथालाई प्रस्तुत गरिएको चलचित्र 'डिग्री माइला' मा अभिनेता दयाहाङ राई शीर्ष भूमिकामा हुनुहुन्छ । युवाको सपना र क्षमतालाई प्रस्तुत गरिएको नाटक ' डिग्री माइला' कै पात्रबाट प्रभावित भई चलचित्र तयार गरिएको हो ।

"यो पात्रले हाम्रो समाजको धेरै पक्षलाई देखाएको छ । शिक्षा, समाज, ग्रामीण अवस्था र युवाको बेरोजगारी अवस्थालाई माइलाको पात्रमार्फत व्यक्त गरिएको छ", अभिनेता राईले भन्नुभयो, "यो पात्रलाई नाटकबाट चलचित्रमा ल्याउने सपना बल्ल पुरा भयो । यो कथा धेरैसम्म पुऱ्याउनु थियो ।"

डिग्री माइलामा अभिनेता

राईसँगै आँचल शर्मा, विजय बराल, बुद्धि तामाङ, माओत्से गुरुङ, प्रकाश घिमिरेलगायत कलाकारले अभिनय गरेका छन् । कलाकारहरूले हलमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेका छन् । प्रदर्शन गरिएको अर्को चलचित्र 'द रेड सुटकेस' मा वैदेशिक रोजगारीमा पुगेका युवाको कथा देखाइएको छ ।

चलचित्रमा अभिनेता बिपिन कार्की, सौगात मल्ल, प्रवीन खतिवडा, अभिनेत्री सृष्टि श्रेष्ठलगायतले अभिनय गरेका छन् ।

विमानस्थलबाट एउटा रातो सुटकेस लिएर गाउँतर्फ लाग्ने यात्रीले यात्राका क्रममा भोगेको कथालाई चलचित्रमा प्रस्तुत गरिएको लेखक तथा निर्देशक देवकोटाले बताउनुभयो । "हामीले मिथक शैलीमा नेपालको आप्रवासी परम्परा र नियतिलाई पृष्ठभूमिमा राखेर यो चलचित्रको कथा तयार गरेका छौँ", उहाँले भन्नुभयो, "वर्तमान समयलाई दस्तावेज गरेका छौँ । यसले हाम्रो रहनसहन र समाजलाई देखाउँछ ।"

चौथो सातामा प्रदर्शनरत चलचित्र 'महाजात्रा' मा दर्शकको उपस्थिति घटेको छैन । प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको महाजात्रामा हरिवंश आचार्य, बिपिन कार्की, वर्षा राउत, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, दिव्य देवलगायतको अभिनय छ । निर्माता दीपेश खत्रीले तीन सातामा नेपालमा १४ करोड र विदेशमा नौ करोडसहित विश्वभर २३ करोडको व्यापार (ग्रस कलेक्सन) गरेको उहाँको दाबी छ ।

Bid Addendum Notice

Madhesh Province Government

Ministry of Health and Population

Province Health Logistic Management Center

Bid Addendum Publication Date: 13April 2024

Addendum is done in following tenders published on 18 March 2024; for details on Bid Addendum, visit www.bolpatra.gov.np/egp

IFB Number	IFB Name
MP/PHLMC/NCB/GOODS-18/2080-81	PROCUREMENT, SUPPLY AND DELIVERY OF MAMMOGRAPHY MACHINE UPGRADABLE TO 3D
MP/PHLMC/NCB/GOODS-19/2080-81	PROCUREMENT,DELIVERY AND SUPPLY OF CR-ANESTHESIA MACHINE

नेपाल र भारतबीच बिहाबारीमा कमी आएको छ :सीएम यादव

टुडे समाचारदाता

जनकपुरधाम । त्रेता युगदेखि चलि आएको नेपाल र भारतबीचको रोटीबेटी सम्बन्धमा पछिल्लो समय कमी आएको मधेश प्रदेशका मुख्यमन्त्री(सीएम) सरोज कुमार यादवले बताएका छन् ।

'सीमा क्षेत्रमा दुवै देशको सुरक्षाकर्मीहरुबाट गरिएको कडाइको असर सम्बन्धमा परेको छ' उनले भने, चेलीबेटीको बिहाको क्रममा सुरक्षाकर्मीहरुबाट अनावश्यक परेशानी बढेसँगै बिहाबारीको क्रम घटेको छ ।

> 'सीमा क्षेत्रमा दुवै देशको सुरक्षाकर्मीहरुबाट गरिएको कडाइको असर सम्बन्धमा परेको छ' उनले भने, चेलीबेटीको बिहाको क्रममा सुरक्षाकर्मीहरुबाट अनावश्यक परेशानी बढेसँगै बिहाबारीको क्रम घटेको छ ।

नेपाल र भारतबीच 'रोटीबेटी'को सम्बन्ध अत्यन्त पुराना र समृद्ध रहे पनि सुरक्षाको नाममा त्यसमा कमी आउन थालेको उनले बताए ।

नयाँ वर्ष २०८१ को अवसरमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र भारतीय राजदूतावास काठमाण्डुद्वारा आयोजित 'द्वितीय जनकपुरधाम सांस्कृतिक महोत्सव'को उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री यादवले भने, 'सीमा क्षेत्रको समस्यालाई समाधान गर्न दुवै देशका अधिकारीहरु गम्भीर हुनुपर्छ ।'

'नेपाल र भारतबीचको सम्बन्ध समुद्रभन्दा गहिरो र हिमालय भन्दा अग्लो रहेको छ' उनले भने, राजनीतिक कारणले प्रभावित नहुने सम्बन्धलाई सीमाबाट कमजोर बनाइँदैछ ।'

भारतको अयोध्यामा भगवान रामललाको प्राणप्रतिष्ठा हुँदा नेपालको मधेश प्रदेशमा दीपावली गरिएको उल्लेख गर्दै उनले भने, 'दुई देशबीच भाषिक, सांस्कृतिक, धार्मिक, भेषभुषाको प्रगाढ सम्बन्ध रहेको छ ।'

भारतीय दूतावासकी प्रेस तथा कल्चर प्रमुख गीताञ्जली, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले नेपाल र भारतबीचको सम्बन्धबारे आ-आफ्ना धारणा राखेका थिए ।

सो कार्यक्रममा नेपाली काग्रेसका प्रमुख सचेतक कुमरकान्त झालगायतका सभासदहरु र भारतीय महावाणिज्य दूतावास वीरगञ्जका बिएस मिनालगायत विभिन्न क्षेत्रका स्थानीयहरुको सहभागिता थियो ।

सो कार्यक्रमको पहिलो सत्र उद्घाटन र किल्ला गढी प्रदर्शनी, साडी प्रदर्शनी र मिथिला व्यञ्जन रहेको थियो । भने साँझ मेनुका पौडेललगायतका कलाकार हरुद्वारा सांस्कृतिक कार्यक्रम गरिएको थियो ।

११ लाख सक्कली नोट सहित १ पक्राउ

टुडे समाचारदाता

गौर । रौतहट जिल्लामा सक्कली नेपाली ११ लाख बढी रुपैयाँ सहित एकजनालाई पक्राउ गरिएको प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता समेत रहेकी प्रहरी नायब उपरीक्षक एलिजा गिरिले १५ लाख रुपैयाँ राखिएको झोला साइकलमा झुण्ड्याएर गौर बजार तर्फ आउँदै गरेका वीरेन्द्र कुमार जयसवाललाई पक्राउ गरिएको बताएकी छन् ।

जयसवालको झोलामा रहेको ११ लाख १५ हजार भन्दा बढी रुपैयाँको स्रोत नखुलेको उनले बताइन् । गौर नगरपालिका वडा नम्बर १ का ५६ वर्षीय वीरेन्द्र कुमार जैसवालको झोलाबाट ११ लाख १५ हजार ७ सय रुपैयाँ बरामद भएको डीएसपी एलिजा गिरिले बताइन् । जयसवाल गौरबजार नजिक साइकलमा आउँदै गरेको बेला प्रहरीले खानतलाशी गर्ने क्रममा रुपैयाँ बरामद भएको थियो । बरामद रकममध्ये १ हजारको नोट ११ सय थान, ५ सयको नोट ३० थान र १ सयको नोट ७ थान रहेको डीएसपी गिरिले बताइन् ।

> नेपालीहरु बैरगिनिया बजारमा गर्ने कारोबारमा दिने लाखौं नेपाली रुपैया अबैध बाटोबाट फेरी नेपाल फर्किने गरेको छ ।रुपैया सक्कली रहेपनि भारतबाट अबैध मार्गबाट फर्किने क्रममा प्रहरीले वाहक समेतलाई नियन्त्रणमा लिने गरेको छ ।

पक्राउ परेका जयसवाललाई कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको गिरिले बताइन् ।

तस्करीका लागि अत्यन्त सुरक्षित जिल्लाको रुपमा रहेको रौतहटको गौर र भारतको बैरगिनिया सीमा जोडिएको छ ।बैरगिनिया बजारमा नेपाली रुपैयामा कारोबार हुने गरेको छ ।

नेपालीहरु बैरगिनिया बजारमा गर्ने कारोबारमा दिने लाखौं नेपाली रुपैया अबैध बाटोबाट फेरी नेपाल फर्किने गरेको छ ।रुपैया सक्कली रहेपनि भारतबाट अबैध मार्गबाट फर्किने क्रममा प्रहरीले वाहक समेतलाई नियन्त्रणमा लिने गरेको छ ।

नेपाली रुपैया भारत तर्फ जाँदै गरेको अवस्थामा हाल सम्म बरामद भएको देखिएको छैन् ।तर भारतबाट नेपाल भित्रिने क्रममा झण्डै करोड रुपैया सम्म एकै पटक बरामद भएको छ ।

सीमावर्ती भारतीय बजार बैरगिनिया क्षेत्रका व्यवसायीहरुले नेपाली ग्राहकको सुबिधाका लागि नेपाली रुपैया लिने गरेको बताउँछन् ।नेपाली रुपैयालाइ भारतीय रुपैयासित साट्दा चलनचल्तीको भाउ भन्दा सयकडा ३ रुपैया सम्म कममा लिने गरिन्छ ।त्यै रुपैया नेपालमा फर्केर नेपाली बजारबाट तस्करी भएर अन्य समानहरु भारतीय बजारमा आउने गरेको उनीहरु बताउँछन् ।

प्रहरीले नेपालबाट भारतमा जाने समान कमै बरामद गरेको बताउँदै व्यवसायीहरुले भने, तर नगद रुपैया बरामद गर्ने क्रम बढेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८